# भाषिक सीप विकासका दृष्टिले कक्षा १० को नेपाली पाठ्यपुस्कमा समाविस्ट नमुना अभ्यासहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषाशिक्षा
विभाग, स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको
नेपा.शि.५९८ को प्रयोजनार्थ
तयार पारिएको

**शोधपत्र**

**शोधकर्ता**
फाल्गुणप्रसाद खतिवडा
दोस्रो वर्ष परीक्षा सि. नं. : २१४०२३७
त्रि.वि.द.न. : १२७५६-९२
शैक्षिक वर्ष : २०६६/०६७

नेपाली भाषाशिक्षा विभाग
सुकुना बहुमुखी क्याम्पस
इन्द्रपुर-४, मोरङ
२०६९

## शोध निर्देशकको मन्तव्य

त्रि. वि. शिक्षाशास्त्र संकाय सुकुना बहुमुखी क्याम्पस नेपाली भाषाशिक्षा विभाग अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षका छात्र फाल्गुणप्रसाद खतिवडाले नेपाली विषय विशिष्टीकरणको पाठ्यांश ५९८ को आवश्यकता पूर्तिका निम्ति **'भाषिक सिकाइका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन'** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म पूर्णतः सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

दिपक न्यौपाने
शोधनिर्देशक
सुकुना बहुमुखी क्याम्पस
नेपाली शिक्षा विभाग
इन्द्रपुर मोरङ्ग

# स्वीकृतिपत्र

त्रि. वि. शिक्षाशास्त्र संकाय सुकुना बहुमुखी क्याम्पस नेपाली भाषाशिक्षा, इन्द्रपुर मोरङ्गका छात्र फाल्गुणप्रसाद खतिवडाले तयार पार्नुभएको भाषिक विकासका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन शीर्षकको शोधपत्र शिक्षा स्नातकोत्तरतह, नेपाली विषयको निम्ति उपयुक्त भएकोले स्वीकृति गरिएको छ ।

| मूल्याङ्कन समिति | हस्ताक्षर |
| --- | --- |
| १. अध्यक्ष | .............. |
| २. सदस्य | .............. |
| ३. सदस्य | .............. |
| ४.सदस्य | ....... |

# कृतज्ञताज्ञापन

शोधकार्य आफैमा गहन र जटिल विषय हो । शोधकार्य पूरा गर्न कठोर परिश्रम र धैर्यको आवश्यकता पर्ने कुराको यथार्थ अनुभव यस अनुसन्धानका क्रममा भएको छ । यस अघि भएका नेपाली भाषापाठ्यपुस्तकका नमुना अभ्यासहरूको अध्ययनले शोधकार्यलाई सहज बनाउन सहयोग  गरेको छ । यसै सिलसिलामा “भाषिक सीप विकासका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन” शीर्षक चयन गरी यो शोधपत्र तयार पारिएको छ ।

व्यक्तिगत अनकौ व्यस्तताका बाबजुद पनि आफ्नो अमूल्य समय दिई शोधपत्रको प्रारम्भदेखि हालसम्म उत्साहपूर्वक प्रेरणा, कुशल निर्देशन तथा महत्त्वपूर्ण सुझाव दिनुहुने श्रद्धेय गुरू दिपक न्यौपानेज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

मेरो अध्ययन कार्यको हरेक क्षणमा आवश्यक सहयोग तथा प्रोत्साहन प्रदान गरी आजको अवस्थामा पु-याउनु हुने मेरा पूजनीय पिता  गजेन्द्रप्रसाद खतिवडा र फूपु तुलसा खतिवडा ( सुवेदी) ज्यूप्रति कृतज्ञता प्रकट गर्दछु । यसैगरी यस शोधकार्यलाई पूरा गर्नको लागि आवश्यक प्रेरणा दिने परिवारका अन्य सदस्य तथा मित्रजनप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस शोधकार्यका लागि सामाग्री सङ्कलनको क्रममा सहयोग गर्नुहुने बुधुक उ.मा.वि.मौना बुधुकका शिक्षक जर्नादन मिश्र तथा बज्रमाई मा.वि.बोधेका शिक्षक रबिन्द्र न्यौपानेप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै शोधपत्र निर्माणको निम्ति कम्प्युटर टाईपमा सहयोग गर्नुहुने मेरा आत्मिय मित्र दिपक खुलाल एवम् टिका राम दाहाल र सेटिङ् गरिदिने ............................................... लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस शोधपत्रका सकारात्मक पक्ष मेरा गुरूवर्गहरूबाट प्राप्त ज्ञान र प्रेरणाका उपज हुन् । यसमा भएका त्रुटि तथा कमजोरीहरू मेरा आफ्नै हुन् भन्ने कुरा विनम्रताकासाथ स्वीकार गर्दछु । अन्त्यमा यस कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण गुरूवर्ग, मित्रजन र शुभेच्छुकप्रति हार्दिक आभार प्रकट गर्दछु ।


फाल्गुणप्रसाद खतिवडा

एम.एड.दोस्रो वर्ष

त्रि.वि.द.न.१२७५६-९२

परीक्षा रोल नं. २१४०२३७

नेपाली शिक्षा विभाग

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ्ग

# सङ्क्षेपीकरण शब्दसूची

| क्र. सं. | सङ्क्षिप्तरूप | पूर्णरूप |
|---|---|---|
| १. | अ.प्र. | अप्रकाशित |
| २. | उ द. | उच्च दक्षता |
| ३. | क्र.सं. | क्रम सङ्ख्या |
| ४. | चौ.सं. | चौथो सस्करण |
| ५. | डा. | डाक्टर |
| ६. | ते.सं. | तेस्रो सस्करण |
| ७. | त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ८. | दो. सं. | दोस्रो संस्करण |
| ९. | नं. | नम्बर |
| १०. | नि. मा. ने. पा. | निम्न माध्मिक नेपाली पाठ्क्रम |
| १२. | प. सं. | परिमार्जित संस्करण |
| १३. | प्र.सं. | प्रथम संस्करण |
| १४ | पा. वि. के. | पाठयक्रम विकास केन्द्र |
| १५ | पृ. | पृष्ट |
| १६ | प्रा. | प्राध्यापक |
| १७ | प्रा. शि. पा. | प्राथमिक शिक्षा पाठ्यक्रम |
| १८ | मा. शि. ने. पा. | माध्यमिक शिक्षा नेपाली पाठ्यक्रम |
| १९ | वि. सं. | विक्रम सम्वत |
| २०. | व्य. सी. | व्यवहारिक  सीप |

# तालिका सूची


| क्र.सं. | विवरण | पेज नं. |
| --- | --- | --- |
| १. | तालिका नं १ | २९ |
| २. | तालिका नं २ | ३२ |
| ३. | तालिका नं ३ | ३६ |
| ४. | तालिका नं ४ | ३८ |
| ५. | तालिका नं ५ | ४३ |
| ६. | तालिका नं ६ | ४५ |
| ७. | तलिका नं ७ | ४९ |
| ८. | तालिका नं ८ | ५१ |
| ९. | तालिका नं ९ | ५४ |
| १०. | तालिका नं १० | ५६ |


# विषय सूची


| क्र.सं. | विवरण | पेज |
| --- | --- | --- |

**परिच्छेद - एक शोध परिचय**

**१-७**

१.१ शोध शीर्षक १

१.२ शोध प्रयोजन १

१.३ समस्या कथन १

१.४ उद्देश्य कथन २

१.५ पूर्वकार्यको अध्ययन २

१.६ अध्ययनको औचित्य ५

१.७ अध्ययनको सीमाङ्कन ६

१.८ शोधविधि ६

१.९ शोधपत्रको रूपरेखा ६

**परिच्छेद - दुई भाषापाठ्यक्रममा पाठ्यपुस्तक र भाषिक सीप ८ – २२**

२.१ पाठ्यक्रमको महत्त्व ८

२.२ भाषा पाठ्यक्रम ९

२.३ भाषा पाठ्यक्रम १२

२.४ भाषिक सीप १५

`

**परिच्छेद -तीन कक्षा १० का नमुना अभ्यासको अध्ययन २३ - ३४**

३.१ परिचय २३

३.२ नमुना अभ्यासको महत्त्व २४

३.३ कक्षा १० को नेपाली भाषापाठ्यक्रम, पाठ्यपुस्तक र नमुना अभ्यास २८

**परिच्छेद -चार भाषिक सीप विकासको दृष्टिले नमुना अभ्यासको अध्ययन ३५-५८**

४.१ उद्देश्य ३५

| | | |
|---|---|---|
| ४.१.१ | सीपगत आधारमा उद्देश्यहरूको वर्गीकरण | ३६ |
| ४.२ | विधागत आधारमा नमुना अभ्यासको अध्ययन | ३६ |
| ४.२.१ | कथा विधाअन्तर्गतका पाठ र सम्बद्ध नमुना अभ्यासको अध्ययन | ३८ |
| ४.२.२ | कविता विधाअन्तर्गतका पाठ र सम्बद्ध नमुना अभ्यासको अध्ययन | ४२ |
| ४.२.३ | निबन्ध विधाअन्तर्गतका पाठ र सम्बद्ध नमुना अभ्यासको अध्ययन | ४४ |
| ४.२.४ | जीवनी विधाअन्तर्गतका पाठ र सम्बद्ध नमुना अभ्यासको अध्ययन | ४८ |
| ४.२.५ | रूपक विधाअन्तर्गतका पाठ र सम्बद्ध नमुना अभ्यासको अध्ययन | ५० |
| ४.२.६ | चिठी विधाअन्तर्गतका पाठ र सम्बद्ध नमुना अभ्यासको अध्ययन | ५३ |
| ४.३ | सिर्जनात्मक अभ्यासको अध्ययन, वर्गीकरण र विश्लेषण | ५५ |

**परिच्छेद -पाँच निष्कर्ष र सुझाव** **५९-६५**

| | | |
|---|---|---|
| ५.१ | निष्कर्ष | ५९ |
| ५.१.१ | सवल पक्ष | ६१ |
| ५.१.२ | दुर्वल पक्ष | ६२ |
| ५.२ | सुझावहरू | ६३ |
| ५.३ | शैक्षणिक प्रयोजन | ६४ |
| ५.४ | अध्ययनका कमी कमजोरीहरू | ६५ |
| ५.५ | भावी अध्ययनका लागि स | |

# परिच्छेद : एक

## शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **भाषिक सीप विकासका दृष्टिले कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविस्ट नमुना अभ्यासहरूको अध्ययन** रहेकोछ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागअन्तर्गत स्नतकोत्तर तह दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांश पूरा गर्ने प्रयोजनका लागि तयार पारिएको छ ।

### १.३ समस्याकथन

भाषा विचार विनियमयको सशक्त माध्यम हो । भाषिक सीपहरूको विकास गर्नको लागि भाषा शिक्षणले प्रमुख महत्त्व राख्दछ । त्यसैले भाषा शिक्षणलाई सु-व्यवस्थित प्रभावकारी र उद्देश्यपूर्ण बनाउनको लागि भाषा पाठ्यक्रम निर्माण गरिनु पर्छ । भाषाका आधारभूत सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बद्ध कार्यकलापमा भाषा पाठ्यक्रम आधारित हुन्छ । यसले भाषालाई नै साधान र साध्य मान्दछ भने अभ्यास तथा पुनरावृत्तिलाई उतिकै महत्त्व दिन्छ । भाषा पाठ्यक्रमका लक्षित उद्देश्यहरू पूरा गर्नको निम्ति भाषा पाठ्यपुस्तकको भूमिका महत्त्वपूर्ण हुन्छ । भाषा पाठ्यक्रम जतिसुकै राम्रो बनाए पनि सो अनुरूप पाठ्यपुस्तक तयार गर्न सकिएन भने पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू प्राप्त गर्न सकिदैन ।

पाठ्यक्रमले निर्धारण गरेका कुन कुन उद्देश्यहरू पूरा गर्न के कस्ता सीपमूलक अभ्यासको व्यवस्था गरिएको छ, अभ्यासमा कुन तहका अभ्यासलाई कुन कुन विधामा प्राथमिकता दिएको छ, ती अभ्यासले पाठ्यक्रमको उद्देश्य पूरा गर्न कतिको प्रभावकारी भूमिका गर्न सक्छन् भन्ने कुरा ठम्याउनु नै उक्त अध्ययनको मुख्य समस्या हुने छ ।

यस प्रकार भाषा पाठ्यक्रमका सापेक्षतामा भाषा पाठ्यपुस्तकको अध्ययन गरिनु र पाठ्यक्रम अनुरूप नमुना अभ्यासको तर्जुमा भएको छ वा छैन भनी निक्यौल गर्नु महत्त्वपूर्ण कुरा भएकोले उक्त शोधकार्यका समस्याहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क) कक्षा १० का पाठ्यपुस्तकमा के कस्ता नमुना अभ्यासहरू राखिएका छन् ?

ख) ती नमुना अभ्यासहरू कुन कुन भाषिक सीपसँग सम्बन्धित छन् ?

ग) भाषिक सीप विकासका दृष्टिले र पाठ्यक्रम अनुरूपताका दृष्टिले ती अभ्यासहरू उपयुक्त छन् ?

## १.४ उद्देश्यकथन

प्रस्तुत शोधकार्य निम्न लिखित उद्देश्यमा केन्द्रित रहेको छ :

क) पाठ्यपुस्तकका नमुना अभ्यासको स्वरुप निरूपण गरी तिनीहरूको वर्गीकरण गर्नु,

ख) भाषिक सीपका आधारमा ती अभ्यासको अध्ययन गर्नु,

ग) पाठ्पयक्रम अनुरूपतता तथा भाषिक सीप विकासको दृष्टिले ती अभ्यासहरूको उपयुक्तताको अध्ययन गर्नु,

## १.५ पूर्वकार्यको अध्ययन

भाषा शिक्षणका सापेक्षतामा भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकका बारेमा अन्य मुलुकमा धेरै अगाडिदेखि नै अध्ययन अनुसन्धान गर्न थालिएको भए पनि नेपालमा निकै पछाडि मात्र सुरु भएको देखिन्छ । यसै सन्दर्भमा सन् १९७७ मा भारतको राष्ट्रिय शैक्षिक अनसुन्धान प्रशिक्षण परिषद् (NCERT)द्वारा “प्रिपरेसन अफ इभ्यालुयसन अफ टेक्सबुक्स इन मदर टङ”

विषयमा गरिएको अध्ययनले भाषा पाठ्यपुस्तक तयार गर्ने सैद्धान्तिक धारणालाई अगाडि ल्याएको देखिन्छ । यसले अभ्यासको सैद्धान्तिक परिचय, आवश्यकता महत्त्व र पाठ्यपुस्तकमा प्रयोग गरिएका नमुना अभ्यासमा समावेश गरिने भाषिक एवम विषयगत सामग्रीको चर्चा गरिएको छ ।

नेपालमा त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) द्वारा “शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्वहरू” (२०४४) शीर्षकमा गरिएको अध्ययनमा नेपाली भाषाका प्राथमिक र माध्यमिक तहका पाठ्यक्रम तथा पाठ्यपुस्तकको विश्लेषण गरिएको छ तर व्याकरणका नमुना अभ्यासको भने विश्लेषण गरिएको देखिदैन । नमुना अभ्यासको बारेमा आवश्यक सीपगत सन्तुलनलाई तथा सिर्जनात्मकतालाईभन्दा कण्ठाग्रतालाई जोड दिएको निष्कर्ष प्रस्तुत गरिएको छ ।

नेपाली विषयको विद्यालय तहको भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकको सन्दर्भमा हेमाङ्गराज अधिकारी (२०५९:३२) द्वारा गरिएको अध्ययन महत्त्वपूर्ण रहेको पाइन्छ । यस अध्ययनमा नेपाली भाषा पाठ्यक्रम तथा भाषा पाठ्यपुस्तकको विकासलाई समेटेर गरिएको अध्ययनले माध्यमिक तहका सन्दर्भमा प्रष्ट पारिएको कुराबाट पाठ्यक्रम र पाठ्यपुस्तक बीच सङगति नमिलेको, पाठ र अभ्यास लेख्ने प्रविधिमा उद्देश्य अनुरूप र वैज्ञानिकता नभएको, भाषा पाठ्यक्रमको उद्देश्यसँग पाठ्यपुस्तकमा रहेका अभ्यासको सम्बन्ध नजिकको रहने, शिक्षकले सञ्चालन गर्ने कार्यकलाप पनि व्यवस्थित र सन्तुलित हुनु पर्ने भए पनि अभ्यासहरूलाई शिक्षकका कार्यकलापसँग मेल खाने बनाउने तर्फ ध्यान नदिइएको, माध्यमिक तह सम्मका पाठय्पुस्तकमा कार्यमूलक व्याकरणमा जोड दिनु पर्नेमा त्यसो नगरी सैद्धान्तिक ज्ञानमा जोड दिइएको, भाषा पाठ्यपुस्तकको छनोट र स्तरणमा ख्याल नगरिएको आदि उक्त तहको पाठ्यक्रम र पाठ्यपुस्तकका कमजोरी रहेको निष्कर्ष निकालिएको छ ।

२०५५ सालमा मोहनकुमार दाहालद्वारा गरिएको शोध शीर्षक **निम्न माध्यमिक तहका वर्तमान पाठ्यपुस्तक (६,७,८) मा प्रयुक्त नमुना अभ्यास एक विश्लेषणात्मक अध्ययन** मा उक्त तहका पाठ्पुस्तकका नमुना अभ्यासमा प्रश्नको क्रम नमिलेको, व्याकरणको अभ्यासहरू अपूर्ण रहेको, सिर्जनात्मक अभ्यासलाई जोड दिनु पर्नेमा त्यसको कमी रहेको, छपाइगत अशुद्धि प्रशस्त भएको आदि कमजोरीहरू उल्लेख गरिएको छ ।

कृष्णप्रसाद घिमिरेले “निम्न माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणका नमुना अभ्यासका अध्ययन”(२०५५) शीर्षकको शोध अध्ययनबाट आधारभूत सीपगत उद्देश्य परिपूर्ति गर्ने गरी व्याकरणका अभ्यास निर्माण गर्न खोजिएको अभ्यास प्रयोगात्मक ढङ्गका नभएको, बहु-वैकल्पिक प्रश्नहरू समावेश नगरिएको, पाठ्यक्रमलाई अभ्यासले पछ्याउन नसकेको आदि निष्कर्ष निकालिएको छ ।

हिमलाल न्यौपानेले(२०५७) “कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण अभ्यासको अध्ययन” शीर्षकमा गरेका शोधबाट पाठ्यक्रमको उद्देश्य पूरा गर्न अभ्यासहरू केहीहदसम्म सक्षम भएको, व्याकरण शीर्षकका लागि अभ्यासहरू प्रसस्त भएको, शिक्षक र विद्यार्थीका लागि उपयुक्त निर्देशन नभएकोले असुविधा भएको, पाठ्यक्रम अनुरूप विषयवस्तुको प्रस्तुति क्रम नमिलेको अभ्यास, बोलाइ सीपप्रति मौन रहेको आदि निष्कर्ष निकालिएको छ ।

राजेश्वर ढकालले (२०५८) “कक्षा ६ को नेपाली किताबमा प्रयुक्त व्याकरण नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन” शीर्षकमा गरेका शोधबाट पाठ्यवस्तु पाठ्यक्रको क्षेत्र र क्रम अनुसार रहेको, भाषागत तत्वहरूमा कतिपय विधिहरू असन्तुलित वितरण गरिएको, अभ्यासहरूमा बहु-वैकल्पिक प्रश्नहरू नरहेको, पाठ्यपुस्तक निर्माणको सन्दर्भमा बहुभाषिक समुदायलाई ख्याल नगरिएको आदि निष्कर्ष निकालिएको छ ।

पार्वती अर्यालले (२०५९) पनि यसै विषयमा “कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन” शीर्षकमा गरेको शोधमा नमुना अभ्यसाहरू शिक्षक र विद्यार्थीको लागि उपयुक्त र वैज्ञानिक देखिनु, भाषिक सीपलाई महत्त्व दिई नमुना अभ्यासमा समावेश गरिएको, बोधात्मक अभ्यासमा सन्तुलन नदेखिनु, एकाङ्कीमा सिर्जनात्मक अभ्यासको कमी आदि निष्कर्ष प्रस्तुत गरिएको छ ।

सरस्वती आचार्य (२०५९)ले “निम्न माध्यमिक तह (कक्षा ८) मा प्रयुक्त व्याकरण अभ्यास खण्डको विश्लेषणात्मक अध्ययन” शीर्षकमा गरेको अध्ययनबाट प्रश्नहरूको निर्माणमा व्यावहारिक सन्तुलन नमिलाइएको, स्तर अनुरूप कक्षामा वर्ण विन्यासका उदाहरण र अभ्यास अधुरो र अपूरो देखिने, अभ्यास तथा पुनरावृतिको आवश्यकता अनुरूप अभ्यासको शृङ्खला प्रत्येक कक्षामा दोहोरिएको आदि निष्कर्ष निकालिएको छ ।

शेषकान्त पाण्डे(२०६२) ले " कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अध्ययनको पाठ्यक्रम अनुरूपताको अध्ययन" शीर्षकमा गरेको शोधमा पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक निर्माण गरिएको, पाठ्यक्रमले निर्धारण गरेको सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विकाससँग सम्बन्धित अभ्यासहरू समावेश गरिएको, व्याकरण र शब्द भण्डारका अभ्यासलाई पनि पाठसँग सम्बद्ध गरिएको, अभ्यासको लागि आवश्यक निर्देशनको अभाव रहेको, कतिपय अभ्यासहरू विद्यार्थीको स्तरभन्दा जटिल देखिने आदि निष्कर्ष उल्लेख गरिएको छ ।

गोमा पाण्डे (२०६३) ले "कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताको अध्ययन" शीर्षकमा गरिएको अध्यनबाट नमुना अभ्यासहरू विधा अनुरूप नै समायोजन गरिएको, अभ्यासलाई पाठसम्बद्ध र व्यावहारिक बनाउने प्रयास गरिएको, अभ्यासलाई सरलदेखि जटिलताको क्रममा प्रस्तुत गरिएको, अभ्यासको लागि निर्देशनको कमी रहेकोले शिक्षक तथा विद्यार्थीहरू अल्मलिने स्थिति रहेको शब्द भण्डार अन्तर्गतका अभ्यासहरू कम देखिएको आदि निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसरी उपर्युक्त अध्ययनबाट नमुना अभ्यासको अध्ययनमा धेरै कार्य हुँदै आएको देखिन्छ तर उल्लिखित समस्याको केन्द्रीयतामा भाषिक सीप विकासको दृष्टिले कक्षा १० नमुना अभ्यासहरूको अध्ययन नभएको स्थितिमा यसलाई अनुसन्धानको विषय बनाइएको छ । यो अनुसन्धानका सन्दर्भमा उल्लेखित सबै सामग्रीहरूले सहयोग पुऱ्याउने देखिन्छ ।

## १.६. अध्ययनको औचित्य

भाषा पाठ्पुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन सम्बन्धि भएका अध्ययन र अनुसन्धानले यो क्षेत्र शोध कार्यको लागि आकर्षक रहेको देखिन्छ । यस्ता कार्यबाट सम्बन्धित तह र कक्षाका पाठ्यक्रम र पाठ्यपुस्तक विकासमा सहयोग पुग्ने देखिन्छ । प्रस्तुत शोध कार्य **भाषिक सीप विकासका दृष्टिले कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविस्ट नमुना अभ्यासहरूको अध्ययन** शीर्षकको शोधबाट सम्बन्धित कक्षाको पाठ्यक्रमको उद्देश्यको आधारमा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन गरी खोजपूर्ण जानकारी दिइने छ । शोधमा नमुना अभ्यासलाई सीपगत र तहगत आधारमा वर्गीकरण गरेर विश्लेषण गरिने छ । यसबाट

शिक्षक तथा विद्यार्थीहरूमा के कस्ता भाषिक सीप विकासका लागि कुन कुन अभ्यासलाई महत्त्व दिनु पर्ने भन्ने कुरा थाहा पाउने छन् । यसका साथै यसबाट शिक्षक तथा विद्यार्थीहरूको अन्तरक्रिया बढाउन सहयोग पुग्ने छ । यसबाट सम्बन्धित पाठ्यपुस्तक र पाठ्यक्रमको सुधारमा समेत सहयोग पुऱ्याउने छ । त्यसैले यो शोध कार्य औचित्यपूर्ण रहने देखिन्छ ।

## १.७. अध्ययनको सीमाङ्कन

यो शोधकार्य निम्न सीमा र परिधिमा रही अघि बढाइएको छ :

क) प्रस्तुत शोधकार्य अध्ययनमा नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमीद्वारा कक्षा १० का लागि तयार पारिएको नेपाली पाठ्यक्रम (२०६४) र नेपाली किताब कक्षा १०मा प्रयुक्त नमुना अभ्यासहरूको भाषिक सीप विकासका दृष्टिले अध्ययनमा मात्र सीमित रहेको छ ।

ख) पाठ्यक्रमको उद्देश्यहरू र पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरूको पाठ्यक्रम अनुरूपताको अध्ययन, वर्गीकरण र विश्लेषणमा शोध सीमित रहेको छ ।

## १.८. शोधविधि

प्रस्तुत शोधकार्य पुस्तकालयीय विधिमा केन्द्रित रहेको छ । अध्ययन र विश्लेषणका लागि पाठ्यक्रम विकास केन्द्र सानोठिमीद्वारा प्रकाशित पाठ्यक्रम र पाठ्यपुस्तकलाई आधार मानिने छ । अध्ययनका क्रममा सम्बन्धित विषयका विज्ञ एवम् विशेषज्ञहरू तथा शोधनिर्देशकबाट आवश्यक सहयोग र सल्लाह लिइएको छ ।

## १.९. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रका अध्यायहरू निम्नानुसारका रहेका छन् :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई  : भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र भाषिक सीप

परिच्छेद तीन : कक्षा दश का भाषा पाठ्यपुस्तकमा सभाविष्ट नमुना अभ्यासको अध्ययन

परिच्छेद चार : भाषिक सीप विकासको दृष्टिले नमुना अभ्यासहरूको अध्ययन

परिच्छेद पाँच : निष्कर्ष तथा सुझावहरू

: सन्दर्भसूची

# परिच्छेद - दुई

# भाषापाठ्यक्रम, पाठ्यपुस्तक र भाषिक सीप

## २.१ पाठ्यक्रमको परिचय

शिक्षण सिकाइ कार्यकलापलाई व्यवस्थित, उद्देश्यमूलक र प्रभावकारी बनाउनका लागि पाठ्यक्रमको भूमिका महत्त्वपूर्ण हुन्छ । पाठ्यक्रमले सम्पूर्ण शैक्षिक कार्यकलापहरूलाई निश्चित मार्गनिर्देशन गरी उद्देश्यसम्म पुऱ्याउन सहयोग गर्दछ। पाठ्यक्रमको अभावमा शैक्षिक गतिविधि अन्योलग्रस्त हुन्छ । भण्डारी, घिमिरे र नेपाल (२०६८ : १६३) का अनुसार- "मूलत पाठ्यक्रम पठन - पाठनसँग सम्बन्धित हुन्छ , प्रक्रिया हुन्छ , शृङखला हुन्छ र त्यही सुनिश्चित पाठ्यसामग्री / वस्तुको अन्त्यसँगै त्यसको अन्त्य हुन्छ । हुन त पाठ्यक्रमलाई के पढाउने भन्ने विषयको दस्तावेजका रूपमा नै गरिएको पाइन्छ । तर त्यतिमात्र अर्थले यसलाई समेट्न सक्दैन । यसमा त के कसरी र कहिले शिक्षा प्राप्त गर्ने र गराउने भन्ने कुराको निर्देशन दिइएको हुन्छ । अनि यो विद्यालयको समग्र शैक्षिणिक कार्यक्रम र विद्यार्थीको सिकाइ उपलब्धिसँग सम्बन्धित हुन्छ । यो एउटा शैक्षिक क्रियाकलापको सङ्गगठनात्मक र व्यवस्थित शैक्षणिक योजना हो, जसमा विद्यालयभित्र र बाहिरका समेत क्रियाकलापहरू समावेश गरिएका हुन्छन् ।" अतः पाठ्यक्रमलाई सम्पूर्ण कार्यक्रमको केन्द्रविन्दुको रूपमा राखेर हेर्न सकिन्छ । पाठ्यक्रममा उद्देश्य, विषयवस्तु, शिक्षणप्रक्रिया तथा मूल्याङ्कन प्रक्रियाको प्रष्टसँग उल्लेख गरिएको हुन्छ । पाठ्यक्रमका सन्दर्भमा तलका उद्धरण सान्दर्भिक देखिन्छन् :-

क. राशिपयो (२०२८) का अनुसार - "शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ ।"



ख. सेलर र एलेक्जेण्डरका अनुसार - "शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ ।"

ग. प्रयोगात्मक नेपाली शव्दकोशका अनुसार – " १. विद्यार्थीले शिक्षालयमा एक वा अनेक

विषयमा खास अवधि भित्र आर्जित गर्न सक्ने अनुभव, ज्ञान, सीप, आदिको शैक्षिक योजना, २. पाठ्यांशहरूको संगालो, पाठ्यविषयहरूको विवरण, सिलेबसलाई पाठ्यक्रम भनिन्छ ।"

घ. युनेस्कोका अनुसार "शिक्षाका उद्देश्य प्राप्तिका लागि विद्यालय तथा शिक्षकद्वारा विद्यार्थीका लागि तयार गरिएको योजना र निर्देशनअनुसारका सम्पूर्ण अनुभवहरूलाई पाठ्क्रम भनिन्छ । " (भण्डारी, घिमीरे र नेपाल २०६८ : १६५)

उपयुक्त परिभाषाहरूबाट शैक्षिक कार्यक्रम सञ्चालनका लागि पाठ्यक्रम आवश्यक हुने कुरा स्पष्ट हुन्छ । यसप्रकार पाठ्यक्रमलाई शैक्षिक कार्यक्रमको साध्यको रूपमा लिइन्छ ।

## २.२ भाषापाठ्यक्रम

भाषा विचार विनिमयको माध्यम हो । भाषाबाट मानवबीच एक अर्कामा सूचना, विचार भावनाको सम्प्रेषण हुन्छ । भाषाबाट हुने अनुभव, सीप, ज्ञान, कला आदि एकआपसमा साटासाट हुन्छ । भाषा शिक्षणको उद्देश्य भाषा सिकाउनु नभएर भाषिक सीपको विकास गराउनु हो । यसका आधारभूत सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकास गरी भाषिक सीप र कलामा विद्यार्थीहरूलाई निपुर्ण बनाउनु नै भाषापाठ्यक्रमको प्रमुख उद्देश्य हो । भाषाशिक्षण पनि व्यवस्थित र योजनावद्ध कार्य भएकोले यसको शिक्षणका लागि पनि पाठ्यक्रको भुमिका महत्त्वपूर्ण हुन्छ । यसरी भाषा शिक्षणका लागि निर्माण गरिएको योजनावद्ध कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ । भाषापाठ्यक्रमलाई स्पष्ट पार्न केही परिभाषालाई अगाडि सार्न सकिन्छ :-

क. माधवप्रसाद पौडेलका अनुसार – "भाषापाठ्यक्रम भन्नाले भाषिक उद्देश्य , भाषिक विषयवस्तु , भाषिक प्रक्रिया , भाषिक स्रोत , भाषिक मूल्याङ्कनका साधन

आदि बुझिन्छ , जसलाई विद्यालयभित्र तथा बाहिर कक्षा शिक्षण वा सम्वन्धित कार्यक्रमद्वारा पूरा गर्ने योजनाबद्ध प्रयास गरिएको हुन्छ। " (भण्डारी , घिमिरे र नेपाल , २०६८ : १६७) ।

ख. हिल्डा टावाका अनुसार – “भाषापाठ्यक्रम भाषा शिक्षणको एक योजना हो ।”

ग. राशिपयो (२०२८) का अनुसार – “ भाषाशिक्षणको लक्ष्य तथा उद्देश्य हासिल गर्न बनाइएको एक बृहत कार्यक्रमलाई भाषापाठ्यक्रम भन्न सकिन्छ। ”

यसरी विभिन्न व्यक्ति, संघ, संस्था तथा शिक्षाका प्रतिवेदनहरूले गरेको पाठ्यक्रमको परिभाषा अनुसार भाषापाठ्यक्रम एउटा व्यवस्थित भाषिक कार्यक्रम हो । जसको माध्यमबाट भाषिक सीपहरूको विकास गर्ने शिक्षणका लागि उचित गोरेटो तय गर्न सकिन्छ । सुनिश्चित कार्यकलाप र प्रक्रिया अँगालेर विद्यार्थीहरूमा भाषाशिक्षणका अपेक्षित उद्देश्यहरू हासिल गराउन समग्र भाषा सिकाइ अनुभवहरूको दिग्दर्शन भाषापाठ्यक्रमा प्रस्तुत गरिएको हुन्छ ( भण्डारी, घिमिरे र नेपाल– २०६८:१६७) ।

ढुंगेल र दाहाल (२०५६:५) का अनुसार भाषापाठ्यक्रम तयार गर्दा निर्माताले निम्नलिखित कुराहरू ध्यान दिनु आवश्यक देखिन्छ :-

- विद्यार्थीहरूले सिक्न चाहेको भाषा कुन प्रयोजनका निम्ति सिक्दैछ जस्तै आधारभूत क्षेत्रहरू कृषि, विज्ञान, शिक्षा, कानुन, कला, बाणिज्य, पर्यटन आदि कुनचाँहि प्रयोजनका निम्ति भन्ने कुरामा ध्यान पुऱ्याउनुपर्छ । त्यस्तै क्षेत्रमा प्रयुक्त र उपयोगी हुने भाषिक ज्ञान विद्यार्थीलाई उपलब्ध हुनेगरी पाठ्यक्रम निर्माण गरिनुपर्छ । विशेषतः दोस्रो भाषा सिकाइको सन्दर्भमा यो महत्वपूर्ण हुन्छ ।
- भाषाका सीपहरू क्रमवद्ध र विद्यार्थीहरूको क्षमता अनुरूप चयन गरिनुपर्दछ ।
- भाषापाठ्यक्रमा विधागत ज्ञान प्रदान गर्ने अभिप्रायका सामग्रीहरू चयन गरिनुपर्दछ ।
- भाषाका आर्जन प्रक्रिया अनुरूप भाषापाठ्यक्रमा सामग्री चयन गरिनुपर्दछ ।

१०

- लक्ष्य पूरा गर्न शिक्षक र विद्यार्थीको भूमिका बिषयमा भाषापाठ्यक्रम निर्माता स्पष्ट हुनुपर्छ ।

– लक्षित भाषा सिकाई क्रियाकलापको परीक्षा वा मूल्याङ्कनका निम्ति प्रयोग हुनसक्ने प्रविधिका विषयमा पाठ्यक्रम निर्माता स्पष्ट हुनुपर्छ । जस्तै सुनाइ सीप परीक्षणका लागि लिखित परीक्षा नभएर श्रूतिबोधात्मक प्रश्नोत्तर गराउनुपर्दछ ।
– भाषापाठ्यक्रम निर्माताले विद्यार्थीको रुचि र आवश्यकता अनुकूल सामग्री चयन गर्नु आवश्यक हुन्छ ।

भाषापाठ्यक्रमा भाषिक सीप तथा कलालाई बढी महत्व दिइएको हुन्छ । वोध र अभिव्यक्तिलाई भाषापाठ्यक्रमले बढी महत्वका साथ हेर्दछ । भाषापाठ्यक्रमले विषयगत ज्ञानलाई तल्लातहमा महत्व दिनु सान्दर्भिक ठान्दैन । माथिल्ला कक्षाहरूमा भने बोध क्षमताका साथै विषयगत ज्ञानको लागि स्तरअनुरूप समेट्दै लैजानु राम्रो मानिन्छ । भाषापाठ्यक्रम विविध क्षेत्रवाट लिइएका विषयवस्तुलाई विधागत रूपमा समावेश गरी सरलदेखी जटिलताको क्रममा स्तरण गरिएको हुन्छ । त्यसैले भाषापाठ्यक्रम छनोट र स्तरणको निकै ख्याल गर्नु पर्ने हुन्छ । विद्यार्थीको स्तर सापेक्ष स्तरीयता पाठ्क्रममा अनिवार्यता सर्त मानिन्छ । त्यसै गरी भाषापाठ्यक्रमा शिक्षण प्रक्रिया तथा विधिहरू भाषिक सीप विकासमूलक अभ्यास र पुनरावृतिमा केन्द्रित हुनका साथै विद्यार्थीहरूको रुचि, क्षमता, आवश्यकतालाई समेत ध्यान दिदै मनोवैज्ञानिक रूपमा सङ्गठित गरिएको हुन्छ । यसका साथै खोजमूलक अभिव्यक्तिपरक, श्रृतिबोधात्मक कार्यकलापलाई ध्यान दिनु पर्दछ । अन्य विषयका पाठ्यक्रममा झै भाषा पाठ्यक्रममा पनि श्रव्य-दृश्य, र श्रव्यदृश्य सामग्रीको प्रयोग हुन्छ । पाठ्यक्रमको मूल्याङ्कन भाषिक उपलब्धिको प्रवर्द्धनमा सुसहायक हुने लिखित, मौखिक कार्यकलाप र प्रयोगसन्दर्भबाट गरिन्छ। त्यस्तै भाषिक शुद्धता, शिल्प र शैलीगत कुरालाई पनि महत्व दिइएको हुन्छ । ( शर्मा र पौडेल, २०६०:२७१-७२)

## २.३. भाषापाठ्यपुस्तक

पाठ्यपुस्तक शिक्षण सिकाइ कार्यकलापको आधार सामग्री हो । यसले भाषापुस्तकमा भाषापाठ्यक्रमले निर्देशित गरेका उद्वेश्यहरू पूरा गर्नका लागि सङ्कलन गरिएका सामग्रीहरू एकीकृत रूपमा प्रस्तुत गरिएको हुन्छ । भाषापाठ्यपुस्तकले भाषाशिक्षण गर्ने शिक्षक तथा भाषाका विद्यार्थीहरू दुवैका लागि महत्वपूर्ण हुन्छ । यसलाई विद्यालयमा औपचारिक रूपमा अध्ययन अध्यापनका लागि प्रयोग गरिन्छ । भाषापाठ्यक्रमले शिक्षकलाई पाठ्यवस्तुको योजना निर्माण गर्न र विद्यार्थी तथा शिक्षकलाई अभ्यास तथा पुनरावृति गर्न / गराउन सहयोग पुऱ्याउँछ । भाषापाठ्यपुस्तक भाषा शिक्षण गर्ने उद्देश्यले सम्वन्धित कक्षा र तहअनुरूप तयार गरिन्छ । पाठ्यपुस्तकका बारेमा अझ स्पष्ट धारणा वसाल्न केही परिभाषाहरूलाई अगाडि सार्न सकिन्छ :-

"पाठ्यपुस्तक भनेको त्यस्तो पुस्तक हो जसमा सिकाइका उद्वेश्य पूरा गर्नको लागि प्रायः सरलीकृत र सङ्गठित ढङ्गले विभिन्न ज्ञानक्षेत्रको प्रस्तुति दिइएको हुन्छ । पाठ्यपुस्तक एउटा महत्वपुर्ण शिक्षण सामग्री हो किनभने यसमा के पढाउने भन्ने कुरा निश्चित मात्र नभएर कसरी पढाउने भन्ने कुराको पनि सुझाव दिएको हुन्छ । हुनत टेलिभिजन तथा अन्य नवीन सञ्चार माध्यमहरूले छापिएका सञ्चार माध्यमहरूलाई प्रतिस्पर्धामा पछाडि पारिरहेका छन् तापनि विद्यालय तथा महाविद्यालयहरूका लागि पाठ्पुस्तक नै महत्वपूर्ण शिक्षण स्रोत मानिन्छ । " - इन्साइक्लोपेडिया अमेरिकाना , भण्डारी , घिमिरे र नेपाल २०६८ : १९२) ।

"पाठ्यपुस्तक भनेको शिक्षण सामग्रीहरूको एउटा प्रकार हो , जसले शिक्षण सिकाइ प्रक्रियाका लागि साधनको काम गर्दछ । यो विद्यालय , महाविद्यालय र घरमा पनि व्यापक रूपले प्रयोग हुने सर्वमान्य ढङ्गको शिक्षण सामग्री हो ।" ( तनेजा भण्डारी, घिमिरे र नेपाल २०६८ : १९३) ।

“विद्यालय एवम् विद्यार्थीहरूमा विद्यार्थीहरूलाई औपचारिक ढङ्गले पढाउने पुस्तकनै पाठ्यपुस्तक हो ।” – बृहत् नेपाली शब्दकोष २०४० ।

पाठ्यपुस्तक सम्वन्धी उपर्युक्त धारणाको सापेक्षतामा भाषापाठ्यपुस्तकलाई हेर्न सकिन्छ । भाषापाठ्यक्रमले निर्धारण गरेका उद्देश्य पूर्तिका लागि सामग्री सङ्कलन गरेर विषय विशेषज्ञहरूद्वारा तयार पारिएको पाठ्यपुस्तक नै भाषापाठ्यपुस्तक हो । भाषाशिक्षकलाई योजनाबद्व शिक्षण गर्न, उपयुक्त शिक्षण सामग्रीको प्रयोग गर्न तथा उपयुक्त विधिको प्रयोग गर्न भाषापाठ्यपुस्तकले सहयोग गर्दछ । नमुना अभ्यास र गृहकार्यको लागि भाषाठ्यपुस्तकको भूमिका महत्वपूर्ण हुन्छ । भाषापाठ्यपुस्तकका सम्वन्धमा भण्डारी , घिमिरे र नेपाल (२०६८ : १९३ - ९४) को कथन उद्धरणीय छ “कुनैपनि तह वा कक्षाका लागि भाषिक उद्देश्यहरू पूरा गर्न तयार पारिएको सामग्रीलाई भाषापाठ्यपुस्तक भनिन्छ । जसलाई भाषापाठ्यक्रमको मर्मअनुसार तयार पारिएको हुन्छ । भाषा शिक्षकले यहि भाषा पाठ्यपुस्तकका सहायताले भाषा शिक्षण गर्दछन् र भाषिक सीपको विकास गर्ने योजनावद्ध कार्यकलाप तय गर्दछन् । अभ्यास मूल्याङ्कन आदिका लागि सहयोग पुऱ्याउने महत्वपूर्ण सामग्री भएकाले यसमा क्रमवद्धता र व्यवस्थितता एवम् आधिकारिकता जस्ता गुणहरू हुनु अपरिहार्य हुन्छ । अतः भाषिक सीप सिक्न, अभ्यास गर्न, गृहकार्य गर्न, पढाईमा पुनरावृत्त गर्न, नोट बनाउन आदि काममा सहयोग गर्ने भरपर्दो पाठ्यसामग्रीका रूपमा भाषा पाठ्पुस्तकलाई चिनाउन सकिन्छ ।”

भाषा पाठ्यपुस्तकमा भाषिक प्रयोजन अनुरूपका विषयवस्तुहरू राखिएका हुन्छन् । भाषालाई नै साधन र साध्य दुवै बनाएर निर्माण गरिने भाषा पाठ्यपुस्तकमा विषयवस्तुलाई त केवल भाषा सिक्ने माध्यमका रूपमा मात्र लिइएको हुन्छ ।

भाषा पाठ्यपुस्तकमा विविध विषय क्षेत्रका विषय वस्तुलाई भाषा सिक्ने माध्यमका रूपमा लिइएको हुन्छ । जसलाई वस्तुपरक, आत्मापरक, भावनात्मक, साहित्यिक बहुविधात्मक किसिमले प्रस्तुत गरिएको हुन्छ । अझ यसमा सीपगत विविधता र अभ्यासात्मक बहुलताको

प्रक्रिया अपनाइन्छ । भाषातत्व र व्याकरणका अभ्यासको अपरिहार्यता रहने यसमा विविध विषय क्षेत्रका प्राविधिक एवम् सामान्य शव्दभण्डार तथा संरचनामा  जोड दिइएको हुन्छ । समग्रतामा भाषापाठ्यपुस्तक  बोध र अभिव्यक्ति क्षमताको विकास गरी भाषिक सबलता दिने नवीन पाठ्यवस्तु, सामग्री, कार्यकलाप, विधि एवम् पद्धतिमा केन्द्रित भएको हुन्छ ।

शर्मा र पौडेल(२०६० : ३४३) ले अन्य विषयका पाठ्यपुस्तक र भाषापाठ्यपुस्तकको प्रकृति छुट्याउने क्रममा भाषापाठ्यपुस्तकका निम्नलिखित विशेषता हुने कुरा उल्लेख गरेका छन् :–

**भाषापाठ्यपुस्तकमा**

क. भाषा नै साधन र साध्य हुने अथवा विषयवस्तु भाषा सिक्ने साधन मात्र मानिने ,

ख. विविध विषय क्षेत्रमा प्रयुक्त हुने भाषिक सीप र समझको विकास गर्नु प्रमुख उद्देश्य,

ग. वैषयिक सतहीपन र भाषिक सीपमा केन्द्रित,

घ. बहुविधात्मक विशेषता ,

ङ. विविध विषयक्षेत्रको व्यापकता ,

च. वस्तुपरक, भावनात्मक, आत्मपरक, तथा आलङ्कारिक शैली ,

छ. साहित्यिक र साहित्येत्तर दुबै अभिव्यक्ति ,

ज. पाठ प्रस्तुतिमा विविधता,

झ. अभ्यासात्मक असीमितता, बहुलता र मौलिकता ,

ञ. भाषातत्त्व एवम् व्याकरणात्मक अभ्यासहरूको अपरिहार्यता ,

ट. प्रत्यक्षरूपमा विविध विषयक्षेत्रका सामान्य एवम् प्राविधिक शब्दभण्डार तथा संरचनामा जोड आदि विशेषता रहन्छन्

## २.४ नमुना अभ्यास र यसको महत्व

भाषा विचार र भावहरूको वाहक हो । समाजमा घट्ने सम्पूर्ण ज्ञान-विज्ञान तथा अन्य क्रियाकलापहरू भाषामै आधारित हुन्छन् । मानवमा उत्पन्न हुने विचार, ज्ञान, कला, सीप

सम्पूर्ण वस्तुहरूको साटासाट भाषावाट नै हुन्छ । भाषापाठ्यक्रमले भाषालाई साध्य र साधनको रूपमा लिन्छ । भाषापाठ्यक्रमको प्रमुख लक्ष्य नै भाषिक सीप विकासमा जोड दिनु हुन्छ । भाषिक सीप शिक्षण अभ्यास तथा प्रयोगमा आधारित हुन्छ । तहगत रूपमा विद्यार्थीले गर्नुपर्ने भाषिक सीप आर्जनका निम्ति गरिने क्रियाकलाप भाषा पाठ्यक्रम अर्न्तगत पर्दछ । यसले भाषा प्रशस्त अभ्यास तथा पुनरावृत्तिबाट मात्र सिकिने विषय हुनाले पनि भाषा पाठ्यक्रममा भाषिक सीपलाई उच्च महत्त्व दिईएको छ ।

भाषापाठ्यपुस्तकको महत्त्वपूर्ण पक्ष नै अभ्यास हो । अभ्यासबाट नै विद्यार्थीमा भाषिक सीपको विकास हुन्छ र ऊ दक्ष बन्न सक्छ । तसर्थ भाषिक सीपहरूको शिक्षणलाई अभ्यासात्मक कार्यकलापमा नै केन्द्रित गराउने योजना बनाउनुपर्छ । हासिल भएका सीपहरूलाई स्तरीय बनाउदै लैजान तथा तिनीहरूको स्थायित्व कायम राख्न अभ्यासकै आवश्यकता पर्ने भएकोले भाषापाठ्यपुस्तक निर्माण गर्दा अभ्यासको योजना बनाउनु पर्याप्त जरुरी हुन्छ । कस्ता अभ्यासहरूवाट सीपको समुचित परिष्कार गर्न सकिन्छ भन्ने बारेमा योजनाबद्ध र प्रष्ट दृष्टिकोण बनाई कार्यान्वयनमा ल्याएमा सहज र कलात्मक ढंगले भाषिक सीप प्रदान गर्न सकिन्छ ( भण्डारी, घिमिरे, नेपाल, संशो. २०६८ : २१७) ।

अभ्यासका प्रश्नहरू वस्तुगत तथा विषयगत सवै प्रकृतिका हुनु पनि उत्तिकै आवश्यक हुन्छ । सीपगत सन्तुलन र व्याकरणात्मक पक्ष/सीपसँग उत्तिकै सम्वन्धित हुनुपर्ने ती प्रश्नहरू पाठअनुरूप र त्यसको अभिप्रायअनुरूप आगमनात्मक ढङ्गमा र पाठ्यपुस्तकलाई विविध ढङ्गमा आबद्ध बनाउने योजना पनि बनाउनुपर्दछ । सुनाइ र बोलाइ सीपको अभ्यासका लागि रूपक विधा, पढाइ र लेखाइ सीपको अभ्यासका लागि कथा, निबन्ध जस्ता विधाहरू आवश्यक हुन्छन् । यस्ता सीपगत अध्यासहरू पनि तह / कक्षा अनुरूप फरक हुन सक्छन् । तल्ला तल्ला तहमा सुनाइ र बोलाइ सीपसँग सम्बद्ध अभ्यासहरूले बढी प्राथमिकता पाउनु पर्दछ भने विस्तारै माथिल्ला कक्षा / तहहरूमा तुलनात्मक रूपले पढाइ हँदै लेखाइसँग सम्बन्धित अभ्यासहरूको संयोजन गरिनु आवश्यक हुन्छ । ( भण्डारी , घिमिरे , नेपाल , २०६८ : २१८ ) ।

यसरी पाठ्यक्रमको उद्देश्यलाई साकार पार्नका लागि पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासले ठूलो भूमिका खेलेको हुन्छ । नमुना अभ्यासको समायोजन उचित ढंगले भएको छैन भने विद्यार्थीहरूमा भाषिक सीपको विकासमा बाधा उत्पन्न हुन जान्छ । भाषिक सीपको विकास हुनु नै भाषा पाठ्यक्रमको मर्म भएकोले नमुना अभ्यासको संयोजन गढी विचार पुऱ्याउनु पर्ने आवश्यकता देखिन्छ ।

भाषा अभ्यास र पुनरावृत्तिबाट सिकिने भएकोले भाषा शिक्षणमा सुनाइ, बोलाइ, पढाइ र लेखाइका अभ्यासहरूमा जोड दिनुपर्छ । भाषिक सीपसँग सम्वद्ध उद्देश्यहरूलाई पाठ्यक्रम विकास केन्द्रले निम्नअनुसार निर्धारण गरेको देखिन्छ :

**माध्यमिक तहको सीपगत उद्देश्यः**

कक्षा - ९

सुनाइ र बोलाइ सीप

- हाउभाउ, चेष्टा, आघात, लय, अभिनय आदिको ख्याल गरी विभिन्न प्रकारका अभिव्यक्ति सुनेर सोहीअनुसार मौखिक रूपमा व्यक्त गर्न
- शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न
- आफूले देखेसुनेका र पढेका विषयबस्तु, वातावरण तथा घटनाका विषयबारेमा सिलसिला मिलाई व्यक्त गर्न,
- विभिन्न प्रकारका मौखिक अभिव्यक्ति सुनेर आफ्नो विचार व्यक्त गर्न,
- कुराकानी, प्रश्नोत्तर, संवाद, वक्तृत्व, छलफल आदि मौखिक अभिव्यक्तिहरूमा सक्रिय रूपले सहभागिता दर्साउन,
- आफूले भन्न चाहेका कुरा शिष्ट र उपयुक्त शैलीमा अभिव्यक्ति दिन,
- सन्दर्भअनुसार उखानटुक्काको प्रयोग गरी बोल्न,
- मौखिकरूपमा अभिव्यक्त भएका विषयवस्तु बुझी मुख्यमुख्य कुरा आफ्ना शब्दमा भन्न ।

पढाइ सीप

- गति, यति र लय मिलाई लिखित सामाग्री शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न,
- लिखित सामग्री मौनवाचन गरी पढाइको विकास गर्न,
- मुख्यमुख्य कुराहरू बुझ्ने गरी विभिन्न विषयवस्तुहरू पढ्न,
- विभिन्न पाठ तथा तिनका विशिष्ट अंश व्याख्या, सप्रसङ्ग व्याख्या एवम् विवेचना गर्न सक्ने गरी पढ्न,
- विभिन्न विषयवस्तु पढी शब्दभण्डार वृद्धि गर्न,
- विभिन्न प्रयोजनका लागि लिखित सामग्री पढ्न,

लेखाइ सीप

- वर्णविन्यास र लेख्य चिह्नहरू मिलाई सफा र स्पष्टसँग  लेख्न,
- विभिन्न विषयहरूमा स-साना अनुच्छेद लेख्न,
- आफूले देखेसुनेका घटना र पढेका विषयवस्तुका बारेमा लिखित वर्णन गर्न,
- मौखिक तथा लिखित अभिव्यक्तिहरूको बुँदाटिपोट गर्न र सारांश लेख्न,
- विभिन्न पाठ तथा तिनका विशिष्ट अंशहरूको व्याख्या, सप्रसङ्ग व्याख्या एवम् विवेचना गर्न,
- व्यवहारमा उपयोगी हुने निवेदन, चिठी, निमन्त्रणा, शुभकामनाजस्ता पत्रहरू लेख्न,
- दैनिकी, संवाद, वक्तृता र निबन्ध लेख्न,
- प्रचलित र सान्दर्भिक विभिन्न शब्द तथा उखान टुक्काहरूको अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न ।

**कक्षा १० का सीपगत उद्धेश्य**

सुनाइ र बोलाइ सीप

- हाउभाउ, आघात, लय चेष्टा, अभिनय आदिको ख्याल गरी सन्दर्भअनुसार अभिव्यक्ति सुनेर मौखिक रूपमा व्यक्त गर्न,
- शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,
- आफूले देखेसुनेका र पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई व्यक्त गर्न,
- विभिन्न प्रकारका मौखिक अभिव्यक्तिहरू सुनेर तार्किक रूपमा आफ्नो विचार ब्यक्त गर्न
- कुराकानी, प्रश्नेत्तर, संवाद, मनोवाद, वादविवाद आदि मौखिक अभिव्यक्तिहरूमा सक्रिय रूपले सहभागिता दर्साउन
- आफूले भन्न चाहेका कुरालाई शिष्ट र उपयुक्त भाषशैलीमा अभिव्यक्ति दिन
- मौखिक रूपमा अभिव्यक्त भएका विषयवस्तु बुझी आफ्ना शब्दमा मुख्यमुख्य कुरा भन्न
- सन्दर्भअनुसार उखान टुक्काको प्रयोग गरी बोल्न ।

**पढाइ सीप**

- लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न
- लिखित सामग्रीको मौनवाचन गरी पढाइको गति विकास गर्न
- मुख्यमुख्य कुराहरू बुझ्ने गरी विभिन्न विषयवस्तुहो प्रकृतिअनुसार पढ्न
- विभिन्न पाठहरू तथा तिनका विशिष्ट अंशहरूको व्याख्या/सप्रसंग व्याख्या एवं विवेचना गर्न सक्ने गरी पढ्न
- विभिन्न विषयवस्तुहरू पढी शब्दभण्डार वृद्धि गर्न
- लिखित सामग्रीलाई विभिन्न प्रयोजनका लागि पढ्न ।

**लेखाइ सीप**

- वर्णविन्यास (हिज्जे) र लेख्यचिह्नहरू मिलाई लेख्न
- सफा र स्पष्टसँग लेख्न र लेखेको कुरा सच्याउन
- विभिन्न विषयहरूमा अनुच्छेद लेख्न
- आफूले देखेका, सुनेका र पढेका घटना तथा विषयबस्तुका बारेमा लिखित वर्णन गर्न
- मौखिक तथा लिखित अभिव्यक्तिहरूको बुँदाटिपोट गर्न र सारांश लेख्न
- विभिन्न पाठ तथा तिनका विशिष्ट अंशहरूको व्याख्या, सप्रसङ्ग व्याख्या र विवेचना गर्न
- व्यवहारमा उपयोगी हुने निवेदन, चिठी, निमन्त्रणा, शुभकामनाजस्ता पत्रहरू लेख्न
- संवाद, मनोवाद, वादविवाद र निबन्ध लेख्न
- प्रचलित र सान्दर्भिक विभिन्न शब्द तथा उखान टुक्काहरूको अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न
- लिखित अभिव्यक्तिको क्रममा व्याकरणका आधारभूत नियम पालन गर्न

यसरी माध्यमिक तहमा पढाइ र लेखाइलाई बढी जोड दिनुपर्ने उद्देश्य पाठ्यक्रमले राखेको पाइन्छ । यसका लागि शिक्षकले सुनाइ वातावरणको निर्माण र सुनाइको प्रयोजन सम्वन्धी निर्देशन दिने पक्षमा ध्यान दिनुपर्छ । साथै बोलाइ सीपको विकासका लागि छलफलमा सहभागिता, भूमिका अभिनय जस्ता बोलाइ वातावरण निर्माणका लागि मौनपठन, सस्वरपठन, गति, यति जस्ता पक्षमा जोडदिनु पर्ने देखिन्छ । त्यसै गरी लेखाइ सीपका लागि वर्णविन्यास मिलाइ लेख्न, सफा र स्पष्टसँग लेख्न, लेख्य चिन्हको उपयुक्त प्रयोग पक्षमा विद्यार्थीलाई दक्ष बनाउन लेखाइको वातावरण निर्माण लेखाइमा विद्यार्थीलाई सहभागिता , लेखाइको प्रत्यक्ष अवलोकन गरी पृष्ठपोषण दिनु पर्ने देखिन्छ ।

# परिच्छेद - तीन

## कक्षा १० का नमुना अभ्यासको अध्ययन

### ३.१ परिचय

वर्तमान समयमा नेपाली भाषा शिक्षणले क्रमिक रूपमा महत्त्व पाउदै गएको देखिन्छ । प्राथमिक विद्यालयदेखि स्नातक र स्नातकोत्तर तहसम्मका लागि विभिन्न किसिमका पाठ्यक्रमहरूको विकास भइरहेका छन् । संस्थागत रूपमा नेपाली भाषा शिक्षणको थालनी सर्वप्रथम वि.सं. १९५८ मा देव शमशेरले खोलेका भाषा पाठशालाहरूबाट भएको पाइन्छ । उक्त भाषा पाठशालाहरूमा शिक्षण गर्नका लागि तत्कालीन नेपालका वरिष्ठ शिक्षाविद जयपृथ्वी बहादुर सिंहले “अक्षराङ्क शिक्षा” नामक पहिलो पाठ्यपुस्तक तयार गरेका थिए । यसरी वि. स. १९५८ बाट सुरु भएको नेपाली भाषा शिक्षणले वि.स. २०२८ पछि नेपालकै इतिहासमा एउटा नयाँ अध्यायको युगान्तकारी सुरुवात गर्ने अवसर पायो ।

वि.स. २०२८ मा “राष्ट्रिय शिक्षा पद्धति योजना” लागुगरी देशको शैक्षिक व्यवस्थामा नवीन व्यवस्था, स्वरूप र संगठनको वैज्ञानिक सूत्रपात गऱ्यो । नेपाली भाषा शिक्षणलाई सीपमूलक एवम् प्रयोगपरक ढङ्गले शिक्षण गर्ने गरी सीपगत आधारमा छुट्टाछुट्टै अङ्क र समय निर्धारणगरेर तहगत एवम् कक्षागत रूपमा नयाँ किसिमको नेपाली भाषापाठ्यक्रम निर्माण भयो र सोही अनुरूप पठन पाठन गर्ने व्यवस्था भयो । यस व्यवस्थाले देशव्यापी रूपमा एउटै उपलब्धिको ध्येय राखेर भाषा शिक्षण गर्ने नयाँ बाटो देखायो ।

भाषापाठ्यक्रमको महत्त्वपूर्ण उद्देश्य भनेको नै भाषिक सीपमा जोड हुन्छ । भाषाका चार सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सीप हासिल गर्नका लागि पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासहरूले सहयोग गर्दछ । नमुना अभ्यासमा पाठ्यपुस्तकको स्तरीयता झल्किन्छ । भाषापाठ्यक्रमले निर्देश गरेका विषयवस्तुको क्षेत्र र क्रमअनुसारका पाठहरू चयन

गरिसकेपछि ती पाठसँग सम्वन्धित कार्यकलाप गराउन नमुना अभ्यासले सहयोग गर्दछ। अतः भाषापाठ्यपुस्तकको नमुना अभ्यास गहना भएकोले यो विना पाठ्यपुस्तक अपाङ्ग, अधुरो रहन्छ ।

## ३.२ नमुना अभ्यासको महत्त्व

भाषा अभ्यासबाट सिकिन्छ । अभ्यास जति बढी हुन्छ सिकाइ त्यति नै दिगो र स्थायी हुन्छ । भाषा सिकाइमा अभ्यासले मानिसलाई पोख्त बनाउँछ । भाषापाठ्यपुस्तकमा समावेश गरिएका अध्यासहरू विद्यार्थीहरूको मूल्याङ्कनका लागि मात्र नभएर अभ्यास र पुनरावृतिका लागि उपयोगी हुनेगरी राख्नु उचित हुन्छ । मातृभाषी विद्यार्थीहरूका लागि सुनाइ र बोलाइका प्रशस्त अभ्यासहरू अगाडि नै भएपनि पढाइ र लेखाइका लागि पाठ्यपुस्तकका अभ्यासबाट नै उनिहरूको भाषिक सीप हासिल हुन्छ । दोस्रो भाषा सिकिरहेका वालवालिकाका लागि भाषापठ्यपुस्तकमा रहेका नमुना अभ्यासबाट नै सवै भाषिक सीप हासिल गर्नु पर्ने हुन्छ । त्यसैले भाषापाठ्यपुस्तकमा पाठअनुरूपका उपयोगी नमुना अभ्यास राखिनु अपरिहार्य हुन्छ । अभ्यासहरूलाई उद्देश्यमूलक बनाउनु पर्दछ । अभ्यासले शिक्षकलाई के कस्ता सीप विकासका लागि के कस्ता कार्यकलाप गराउन सकिन्छ भन्ने निर्देशन गर्दछ भने विद्यार्थीका लागि बढी भन्दा बढी अभ्यास गर्न मदत गर्दछ । भाषापाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू पाठको प्रकृतिअनुरूप हुनुपर्दछ । पाठको सन्देश पात्रगत चित्रण आदिसँग सम्वन्धित ज्ञान, वोध, व्यावहारिक सीप तथा उच्च दक्षताको विकास गर्ने किसिमका अभ्यासहरूको समावेश गर्नु आवश्यक हुन्छ । त्यस्तै गरी भाषापाठ्यपुस्तकको अर्को विशेषता व्याकरण अभ्यासको संयोजन गर्दा मूलपाठअनुरूप नै गर्नुपर्छ । विद्यालय स्तरका पाठ्यपुस्तकमा सम्वन्धित पाठभित्रै प्रयोग भएको भाषाको सापेक्षतामा व्याकरणमा प्रयोग सन्दर्भ लिई त्यसवाट उदाहरणहरू खोज्ने नियम बनाउने र व्यावहारको प्रयोग गर्ने गरी संयोजन गर्नुपर्दछ । विद्यालय स्तरमा व्याकरणको सैद्धान्तिक ज्ञानलाई भन्दा प्रयोगपरकतालाई महत्त्व दिनु पर्दछ । अतः भाषापाठ्यपुस्तकको निर्माण गर्दा पाठकको प्रकृति अनुरूपको अभ्यास प्रस्तुत गर्नुपर्ने कुरामा सचेत हुनुपर्दछ । ( ढुङ्गेल र दाहाल , २०५७ : ८७ )। भाषिक प्रयोगका सन्दर्भमा ज्ञान हासिल गर्ने अभ्यासले महत्त्वपूर्ण भूमिका खेल्दछ । त्यसका साथै सम्वन्धित विषयमा हासिल गरेको ज्ञानको लेखाजोखा

वा मूल्याङ्कन पनि अअभ्यासबाट नै गर्न सकिन्छ । यसप्रकार भाषाशिक्षणमा अभ्यास मानव मुटुमा रगत झै आवश्यक र महत्त्वपूर्ण हुने (ढुङ्गेल र दाहाल , २०५७ : ४२) भएकाले भाषापाठ्यपुस्तकमा नमुना अभ्यासको अनिवार्यता रहन्छ । यसै सर्न्दभमा अधिकारी र शर्मा ( २०५९ : २७) को कथन उद्धरणीय छ । "नमुना अभ्यास भाषापाठ्यपुस्तकको अभिन्न अंग हो । यसमा दिइने निर्देशन स्पष्ट हुनुपर्छ । नमुना अभ्यास विद्यार्थीको कठिनाई क्षेत्र पत्ता लगाउन सहायक हुनुपर्छ । सकेसम्म विभिन्न तरिकाले भाषिक पाठ्यवस्तुको सवलीकरण होस् भन्ने विचार गरी पर्याप्त सङ्ख्यामा प्रश्नहरू दिइनु पर्दछ । यस्ता प्रश्नहरू भाषिक सीप विकासका लागि उपयोगी र भाषा सिकाइमा रुचि जगाउने खालका हुनुपर्दछ । भाषापाठ्यपुस्तकमा दिइने अभ्यासमा भाषिक सीप बढाउने पाठ्यवस्तुलाई जोड दिइनु पर्दछ ।"

भाषापाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरू सीप विकासका लागि उपयोगी र भाषा सिकाइमा रुचि जगाउने खालका हुनुपर्दछ । पाठ्यक्रमले सम्वन्धित विधा शिक्षणमा निर्धारण गरेको उद्देश्य अनुरूप नै अभ्यासको संयोजन गर्नुपर्दछ । अतः पाठ्यपुस्तकमा पाठहरू पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पुरा गर्नेगरी निर्धारण गर्नुपर्दछ । भाषातत्त्व, शब्दभण्डार सम्वन्धि नमुना अभ्यासको विषयमा विधाअनुरूपताको ख्याल गर्नुपर्दछ । नमुना अभ्यासको छनोट र संयोजनमा निकै सावधानी अपनाउनुपर्ने हुन्छ । नमुना अभ्यासको महत्त्वका सम्वन्धमा यस कथनले थप प्रष्ट पारेको छ । "पाठ्यपुस्तकमा राखिएका विधा एवम् उपविधा ( मूल अंश ) भन्दा त्यसका आधारमा गराइने भाषिक अभ्यास महत्त्वपूर्ण कुरा हो । यसैले भाषापाठ्यपुस्तकमा सवैभन्दा महत्त्पूर्ण स्तम्भ भाषिक नमुना अभ्यास हुनआउँछ । भाषिक नमुना अभ्यासले शिक्षक र शिक्षार्थी दुवैका लागि निर्देशनको काम गर्दछ......अधिकारी , ".....२०५३ ७४) ।

भाषापाठ्यपुस्तकमा समाविष्ट पाठ्यपुस्तकहरूको संयोजन र सङ्गठनमा अभ्यासात्मक कार्यकलापको भूमिका महत्त्वपूर्ण हुन्छ । भाषापाठ्यपुस्तकमा समाविष्ट पाठ्यवस्तुलाई बढीभन्दा बढी क्रियाकलापमूखी गराइ विद्यार्थीलाई अभ्यासमा अग्रसर गराएमा मात्रै पाठ्यक्रमको लक्ष्य प्राप्त हुन सक्दछ । भाषिक सीप तथा कला विकासको लागि पनि अभ्यास नै अपरिहार्य हुन्छ तर यस्तो अभ्यासको निर्देशन नमुना अभ्यासले दिनसक्ने हुनुपर्दछ । विधा अनुरूप अभ्यास

गराएमा मात्रै लक्ष्य प्राप्ती हुनसक्ने कुरा मनन योग्य छ । भाषाका ग्रहण र अभिव्यक्ति कौशलका  साथै ज्ञानात्मक, बोधात्मक, प्रयोगात्मक तथा उच्च दक्षताको विकास हुने गरी नमुना अभ्यासको तर्जुमा  गरिनुपर्दछ । त्यसका साथै विद्यार्थीको रुचि, क्षमता र स्तर अनुरूपतालाई ध्यान दिन समुचित देखिन्छ । नमुना अभ्यास  सिर्जनात्मक हुनु पनि त्यत्तिकै जरुरी हुन्छ । पाठ्यक्रम अनुरूपका भाषातात्त्विक (व्याकरणिय) र शब्दभण्डारगत अभ्यासलाई पाठ्यपुस्तकमा समावेश गरिनुपर्दछ । वैचारिक क्षेत्रसम्वद्ध शैली र प्रयोग उपयुक्तताको विविध पक्षलाई समेटेर अभ्यासको व्यवस्था गर्न सकिएमा स्तरीयता र उपयुक्तताको परिचय दिने हुनाले अभ्यासहरू विद्यार्थीका स्तरसापेक्ष, पाठ्यक्रमअनुरूप, विविधीकृत, भाषिक सीप र कलापरक हनुका साथै शिक्षार्थीका लागि रुचिपूर्ण र उत्साहवर्द्धक हुनु जरुरी हुन्छ । त्यस्तै सुसिक्यता यसको अर्को महत्त्वपूर्ण सर्त हो । (शर्मा र पौडेल , २०६० : ३६२ - ६३ ) । यसरी भाषापाठ्यपुस्तकमा नमुना अभ्यासको संयोजन गर्दा पाठ्यक्रमको उद्देश्यअनुरूप बालमनोवैज्ञानिक पक्षलाई समेत मनन गदै उपयोगी र व्यावहारिक गराइनुपर्दछ ।

पाठ लेख्ने र अभ्यास लेख्ने प्रविधिमा वैज्ञानिकता र सोद्धेश्यता अपरिहार्य मानिन्छ । पाठहरू पाठ्यक्रम अनरूप र सन्तुलित भएमा मात्रै अभ्यासलाई सन्तुलित र व्याहारिक बनाउन सकिन्छ । पाठ्यक्रमका उद्देश्यपूरा गर्न नमुना अभ्यासले नै मअत्त्वपूर्ण सहयोग गर्ने हुदा यी दुईको प्रत्यक्ष सम्बन्ध हुन्छ । डा. शर्मा ( २०५७ : ४५ - ४७) का अनुसार " विषयवस्तु विना भाषाको शिक्षणसिकाइ सम्भव हुँदैन तर विषयवस्तु शिक्षण मात्र भाषाशिक्षण होइन । विषयवस्तु भाषशिक्षण गर्ने आधार सामाग्री हो । जसको माध्यमबाट भाषाका विभिन्न सीपको अध्ययन गराइन्छ ।" त्यस्तै डा. अधिकारी ( २०५८ : ५ - १० ) का अनुसार "जुनसुकै पाठबाट श्रुतिबोध, पठनबोध उच्चारण, शव्दभण्डार, सस्वरपठन, मौखिक अभिव्यक्तिका विविध पक्षको अभ्यास गराउन सकिने प्रावधान हुनुपर्दछ ।" नमुना अभ्यासको लेखन मूल्याङ्नका लागि मात्रै भाषिक सीप विकास गर्ने प्रशस्तै क्रियाकलापका लागि पनि हो भन्ने कुरालाई ख्याल राख्नु जरुरी हुन्छ । अतः अभ्यासलाई शिक्षक तथा शिक्षार्थीका लागि कार्यकलापमूखी र नमुनालायक बनाउन जोड दिइनुपर्छ । त्यस्तै विद्यालय तहमा व्याकरणको सैद्धान्तिक ज्ञान दिनुभन्दा पाठमा प्रयुक्त भाषिक एकाइका आधारमा नै भाषिक व्यवस्थाको खोजी गर्ने, प्रयोग गर्ने र तिनै बाट नियम बनाइ व्यावहारमा ल्याउने अभ्यास गराउनु आवश्यक छ । त्यसैले भाषातत्त्वलाई

अलिखित बोझका रूपमा नभएर भाषासँगै एकिकृत रूपमा सिकाउने र अभ्यास गराउने व्यवस्था भएमा जीवनपयोगी हुनसक्छ । ( अधिकारी २०५९ : ३३ ) त्यस्तै शव्दभण्डारको ज्ञान पनि विविध प्रयोगसन्र्दभको अभ्यासबाटै गराउनु पर्दछ । शव्दभण्डारका नाममा शब्द र अर्थलाई कण्ठ गर्न लगाउँदैमा पाठ्यक्रमको उद्देश्य पूर्ति हुदैन । यसका लागि विद्यार्थीहरूलाई व्यवहारमा प्रयोग गर्ने अभ्यास गराउन उपयुक्त ठानिन्छ । त्यसैले भाषापाठ्यपुस्तकमा नमुना अभ्यासको छनोट गर्दा प्रयोगपरक र अभ्यासमूखी गराउनेतर्फ सचेत हुनु जरुरी छ ।

## ३.३ कक्षा १० को नेपाली भाषापाठ्यक्रम, पाठ्यपुस्तक र नमुना अभ्यास

नेपाल बहुभाषिक मुलुक हो । यहाँ मूलतः चार परिवारका भाषाहरू बोलिन्छन् । नेपालमा २०६३ को नेपालको अन्तरिम संविधान २०६३ ले सवै भाषाहरूलाई राष्ट्रभाषाको रूपमा मान्यता प्रदान गरेको छ । यहाँ बोलिने भाषासम्वन्धि अझै व्यापक खोज , अनुसन्धान भइसकेको छैन तर एकानब्बे भन्दा बढी मातृभाषा बोलिने कुरा विभिन्न तथ्यहरूले देखाउँछन् । तिनमा पनि झण्डै पचास प्रतिशतको मातृभाषा नेपाली भाषा रहेको छ । यसका अतिरिक्त नेपली भाषा सम्पर्क, सञ्चार, तथा सरकारी कामकाजको रूपमा प्रयोग भइरहेको स्थिति छ । विद्यालयमा प्रारम्भिक कक्षादेखी विद्यावारिधिसम्मनै माध्यम भाषाका रूपमा प्रयोग हुनाले यसको विस्तृत वोध छ । अतः विद्यालय तहको शैक्षिक कार्यकलापमा नेपाली भाषाको महत्त्वपूर्ण स्थान छ । विद्यालयमा प्रारम्भिक तह देखि नै अनिवार्य रूपमा अध्यापन हुदै आएको यो विषयको शिक्षण प्रभावकारी एवम् व्यावहारीक हुनुपर्दछ (मा. शि. नेपाली पाठ्यक्रम , २०६४) । अतः नेपाली भाषा पाठ्यक्रमले राष्ट्रिय भाषाको विकास र प्रर्वद्धनमा समेत टेवा पुऱ्याउन सक्नु पर्ने कुरा उल्लेख्य छ । यसले मातृभाषि तथा विमातृभाषि विद्यार्थीको भाषिक दक्षताको अभिवृद्धि गर्नुको साथै बोध र अभिव्याक्ति क्षमताको विकास गर्नु पर्दछ । अतः नेपाली भाषा पाठ्यक्रमले विविध क्षेत्र र भाषाभाषिलाई समेत समन्वयात्मक रूपले महत्त्वदिनु जरुरी छ । यसरी नेपाली भाषाशिक्षणका निर्धारीत उद्देश्य प्राप्त गर्न भाषाका पाठ्यवस्तु छनोटका रूपमा पनि विविधीकरण हुनुपर्दछ । भाषापाठ्यपुस्तकमा समावेश गरिने पाठहरूमा विधागत सन्तुलन

मिलाउनुका साथै हरेक भाषाभाषिको  समान पहुँच र महत्त्व रहने विषय क्षेत्रलाई समेट्नु पर्ने मान्यता अनुरूप नेपाली भाषा पाठ्यक्रमले केहि हदसम्म यसलाई सम्बोधन गर्न खोजेको देखिन्छ ।

नेपाली भाषापाठ्यक्रमले निर्धारीत गरेका भाषिक सीपहरूलाई हासिल गर्नका लागि निम्न विधाको क्षेत्र र क्रम तालिका निर्धारण गरेको छ ।

तालिका नं. १

| क्र.स. | विधा | कक्षा १० |
|---|---|---|
| १. | कथा | क. पौराणिक कथा - १<br>ख. सामाजिक कथा - १<br>ग. मनोवैज्ञानिक कथा - १ |
| २. | कविता | क. नीतिप्रधान / संस्कृतिप्रधान - १<br>ख. प्रकृतिप्रधान / समाजप्रधान - २ |
| ३. | जीवनी | क, राष्ट्रिय र अन्तराष्ट्रिय<br>ख. साहित्यिक / कलासम्बन्धी - १<br>ग. राजनीतिक / प्रेरक व्यक्तित्व - १<br>घ. विचारक |
| ४. | निबन्ध | वस्तुपरक र आत्मपरक<br>क. प्राविधिक / व्यावसायिक - १<br>ख. सांस्कृतिक - १<br>ग. सामाजिक - १ |
| ५. | रूपक | क. मनोवाद - १<br>ख. वादविवाद - १<br>ग. एकाङ्की - १ |
| ६. | चिठी | व्यापारीक - १<br>निमन्त्रणा / शुभकामना |

मा. शि. नेपाली पाठ्यक्रम , २०६४ )

भाषाशिक्षणमा विष्यवस्तुको शिक्षण नभई विषयवस्तुका माध्यमबाट भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सीपहरूको शिक्षण गर्नुपर्दछ । पाठ्यक्रमले विधाको क्षेत्रमा निर्देशन गरेका विभिन्न क्षेत्र तथा स्रोतका विधाहरूलाई श्रूतिबोध, शब्दोच्चारण, पठनबोध, मौखिक अभिब्यक्ति, शब्दभण्डार, वर्णविन्यास, आदिको अभ्यासका लागि उपयोग गर्नुपर्दछ । यसका अतिरिक्त ती विधामा आधारित पाठहरूलाई तिनको प्रस्तुति ढङ्गढाँचा र प्रकृतिअनुसार व्याकरणको अभ्यास गराउन समेत उपयोग गर्नु आवश्यक छ (मा. शि. नेपाली पाठ्यक्रम , २०६४ )

माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४ ले निर्धारण गरेको विधागत क्षेत्र तथा क्रम अनुसार नै कक्षा १० को नेपाली पाठ्यपुस्तक (प.सं २०६४) को व्यवस्था गरेको छ । पाठ्यक्रमको विधागत मर्मलाई हु-बहुरूपमा परिपालना गरेको नेपाली पाठ्यपुस्तकमा उच्चशिक्षा प्रवेशको पूर्वाधारको निर्माण गर्ने खालको पाठ्यवस्तुको चयन गर्ने नाममा कतिपय विधाहरू विद्यार्थीहरूको क्षमता भन्दा माथिल्लो स्तरको पाठ राख्नु उचित देखिदैन । नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरू पाठ्यक्रमको मर्म अनुरूप नै सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपहरूको विकासमा केन्द्रित रहेका छन् । विभिन्न विधाको माध्यमबाट शिक्षार्थीमा भाषिक दक्षता अभिवृद्धि गराउन नमुना अभ्यासले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई सफलत को शिखरमा पुऱ्याउन नमुना अभ्यासको प्रभावकारी भूमिका हुन्छ । नमुना अभ्यासले सवै भाषिक सीपलाई समेट्न सकेन भने भाषा पाठ्यक्रमको लक्ष्य हासिल हुन सक्दैन भन्ने मूलमन्त्रलाई मध्यनजर राखि पाठ्यपुस्तकमा सोहि अनुसार समावेश गरिएको छ । कक्षा १० को लागि पाठ्यपुस्तकमा सुनाइ वोलाइ सीप विकासका लागि नमुना अभ्यासमा मौखिक उत्तर दिने, शुद्धसँग उच्चारण गर्ने आदि जस्ता अभ्यास रहेका छन् ।

पढाइ सीप अर्न्तगत सस्वरवाचन गर्ने, शव्दको अर्थ वताउने आदि अभ्यासहरू रहेका छन् । लेखाइ सीप अर्न्तगत सारांश लेख्ने, व्याख्या गर्ने, सप्रसंङ्ग व्याख्या गर्ने, शुद्धगरी लेख्ने,

विवेचनात्मक उत्तर लेख्ने आदि जस्ता अभ्यासहरू रहेका छन् । बोलाइ र लेखाइ सीपको एकिकृत विकास गर्न वाक्यमा प्रयोग गर्ने, पाठसँग सम्वन्धित प्रश्नको छोटकरीमा उत्तर दिने आदि अभ्यास रहेका छन् । पढाइ र लेखाइ सीपको एकिकृत विकास गर्नका लागि अनुच्छेद पढेर उत्तर लेख्ने जस्ता नमुना अभ्यासलाई समेटिएको छ ।

नेपाली भाषाको मूल्याङ्कन गर्ने क्रममा सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सीपको मापन गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनलाई आधार मानिन्छ । कक्षा शिक्षण अर्न्तगतको निरन्तर मूल्याङ्कन निर्माणात्मक हुन्छ भने कक्षोन्नतिका लागि लिइने अन्तिम परीक्षा निर्णयात्मक हुन्छ । निर्णयात्मक मूल्याङ्कन अर्न्तगत विद्यार्थीको कार्यकलापको निरिक्षण, व्यक्तिगत र सामुहिक छलफल, लिखित परीक्षा, हाजिरीजवाफ , हिज्जे प्रतियोगिता, प्रश्नोत्तर, कक्षाकार्य परीक्षण, भाषिक व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन जस्ता कुराहरू पर्दछन् । भाषाका सुनाइ, बोलाइ, उच्चारण, वाचन जस्ता सीपहरूको मूल्याङ्कन निर्माणात्मक मूल्याङ्कन अर्न्तगत पर्दछ । भाषिक सीप मूल्याङ्कनका लागि निम्न अनुसार प्रश्नहरू निर्माण गरेर पढाइ तथा लेखाइ सीपको परीक्षण गर्नुपर्ने छ ।

तालिका नं. २

| क्षेत्र | विधा | अङ्कभार (प्रतिशतमा) |
|---|---|---|
| १, शब्दभण्डार | शब्दार्थ र वाक्यमा प्रयोग | १२ |
| २, वर्णविन्यास | शुद्धीकरण | ५ |
| ३, व्याकरण | शव्दवर्ग, कारक/विभक्ति, शव्द निर्माण काल, पक्ष, भाव, वाच्य, वाच्य परिवर्तन, वाक्य संश्लेषण | १८ |
| ४. वोध | अदृष्टांश रचनाबाट | ५ |
| ५, वुँदा टिपोट/सारांश | कथा, निबन्ध, जीवनी, आदिबाट दृष्टांश | ५ |
| ६, निर्देशित रचना | कथा  वा जीवनी लेखन | ५ |
| ७, स्वतन्त्र रचना | क) निबन्ध<br>ख) चिठी, मनोवाद, संवाद, वादविवाद | १०<br>१० |

| | | |
|---|---|---|
| ८, व्याख्या/सप्रसङ्ग व्याख्या | कथा, कविता, निबन्ध, जीवनी | ५ |
| ९. सङ्क्षिप्त उत्तर | कथा, कविता, निबन्ध, जीवनी, एकाङ्की<br>कथा, कविता, निबन्ध, जीवनी | १५ |
| १०, विवेचनात्मक | कथा, कविता, निबन्ध, जीवनी | १० |

(मा. शि. नेपाली पाठ्यक्रम , २०६४ )

हाल नेपालमा देशभर एकै प्रकारको शिक्षा लागु गर्ने नीतिअनुसार एउटै पाठ्यक्रम र पाठ्यपुस्तकको विकास गरी पठनपाठन गरिदै आइरहेको छ । यसरी पठन पाठनको क्रमलाई अगाडि बढाउदा हरेक प्रकारका भाषीलाई नेपाली भाषामा पर्याप्त अभ्यासको अवसर प्रधान गरी पाठ्पुस्तकमा नमुना अभ्यासको समायोजन गर्नु महत्त्वपूर्ण ठानिन्छ । पाठयक्रमले भाषिक सीप हासिल गर्नका लागि सुन्न, बोल्न, देख्न नसक्ने जस्ता विद्यर्थीहरूका निमित्त उपयुक्त ढाँचामा शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया अपनाउन सकिने छ भन्ने नीति लिए पनि हाल देशको सबै ठाउँमा त्यो अवसर पाउन नसक्दा अपाङ्गहरूले नेपाली भाषा सिक्नबाट बञ्चित हुनुपरेको छ । समाहित शिक्षाको भावना अनुसार कक्षा व्यावस्थापन हुन नसक्दा सबै क्षेत्रमा विद्यर्थीहरूले भाषिक सीप आर्जन गर्न सकेका छैनन् । नेपाली भाषाशिक्षणको सफलता र असफलता पाठ्यपुस्तकमा समावेश गरिने नमुना अभ्यास र मूल्याङ्कन गर्ने प्रणाली हो । नेपाली पाठ्यपुस्तकमा समावेश गरीएका नमुना अभ्यासहरूको उचित संयोजन भएपनि कक्षान्नोतिका लिइने मूल्याङ्कन पढाइ र लेखाइ सीपसँग मात्र सम्बन्धित हुनु उचित ठानिदैन । निर्णयात्मक मूल्याङ्कनले विद्यार्थीको पढाइ र लेखाइ सीपको शत प्रतिशत मूल्याङ्कन गर्ने भएकोले सुनाइ र बोलाइ सीपको उपेक्षा गरीएको छ । निर्णयात्मक मूल्याङ्कनका लागि सुनाइ र बोलाइ सीपको विकास परीक्षण गर्न केहि अङ्क निर्धारण गर्न उचित ठानिन्छ ।

# परिच्छेद : चार

## भाषिक सीप विकासको दृष्टिले नमुना अभ्यासको अध्ययन

### ४.१ उद्देश्य

पाठ्यक्रमको सबैभन्दा महत्वपूर्ण अङ्ग उद्देश्य हो । उद्देश्यको आधारमा विषयवस्तुको छनोट, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रिया अगाडि बढाइन्छ । भाषा अभ्यास तथा पुनरावृतिबाट सिकिन्छ । नमुना अभ्यासमा विद्यार्थीका लागि अभ्यास गर्ने प्रशस्त अवसरहरू दिइएको हुनुपर्छ । उक्त अभ्यास पाठ्यक्रमको उद्देश्य प्राप्तिमा सहायक सिद्ध हुने खालको हुनुपर्दछ । नमुना अभ्यासले शिक्षक तथा शिक्षार्थी दुवैका लागि थप क्रियाकलाप गर्ने मार्गदर्शक बन्न सक्नुपर्छ , त्यसबाट नै पाठ्यक्रमको निर्दिष्ट उद्देश्य प्रप्ति सम्भव छ ।

पाठ्यक्रम उद्देश्यलाई यहा मुख्य दुई तरिकाले वर्गीकरण गरी सोही बमोजिम नमुना अभ्यासको अध्ययन र विश्लेषण गरीएको छ -

१, सीपगत आधारमा

२, तहगत आधारमा

सीपगत आधारमा पाठ्यक्रमका उद्देश्यको बर्गिकरण पाठ्यक्रममा नै स्पष्टरूपमा गरिएको छ । भाषाका चारवटा सीपहरू सुनाइ, पढाइ, बोलाइ, लेखाइको विकास गर्ने उद्देश्यले के कस्ता नमुना अभ्यासहरू पाठ्यपुस्तकमा समावेश गरिएको छ भनी अध्ययन वर्गिकरण र विश्लेषण गरिएको छ । त्यसैगरी तहगत आधारमा मुख्य चार तहमा विभाजन गरी वर्गीकरण र विश्लेषण गरीएको छ । ती मध्ये १. ज्ञान तहमा विषयवस्तुको ज्ञानलाई जोड दिने खालका अभ्यासहरू राखिएको छ । यस्ता अभ्यासमा भाषिक सीप विकासका कार्यकलाप भन्दा विषयवस्तुगत संज्ञात्मक क्षेत्रसंग सम्बन्धित अभ्यासमा जोड दिइएको छ । २. वोध तहमा कुनै विषय वढेर सुनेर अर्थात ग्रहण गरेका आधारमा बुझ्ने र अरूलाई बझाउने सीप सम्बद्ध अभ्यासलाई समावेश गरीएको छ । यस खालका अभ्यासमा विद्यार्थीको बोध क्षमताको विकास गर्ने क्रियाकलापहरू अगाडि सारिएको हुन्छ । बोध अभ्यासहरू कथा, निबन्ध विधामा बढि

उपयोगी मानिन्छन् तर अन्य विधामा पनि यस तहका अभ्यासहरूको उपयोग गर्ने प्रशस्त अवसर पाइन्छ । ३. व्यवहारिक सीपसम्बद्ध अभ्यासहरूमा विद्यार्थीले सिकेका कुरालाई व्यवहारमा देखाउने खालका क्रियाकलापहरू समेटिएका हुन्छन् । यस्ता अभ्यासहरू मुलतः अभिव्यक्तिपरक देखिन्छन् । ४. उच्च दक्षताको तहमा विधार्थीले संज्ञानात्मक एवम् बोध दुबै प्रकारका दक्षतालाई अभिब्यक्त गर्ने क्रियाकलापसंग सम्बन्धित अभ्यासलाई समेटिएको छ । यस्ता क्रियाकलापमा कुनै कुराको खण्डन, मण्डन, विवेचना, स्पष्टीकरण दिने, विश्लेषण गर्ने, सारांश लेख्ने, व्याख्या गर्ने आदि अभ्यासहरूलाई समेटिएको छ ।

यसरी वर्गीकरण गर्ने प्रमुख आधार अभ्यासका लागि दिइएको निर्देशनलाई मानिएको छ । त्यसको आधारमा विधा र पाठभित्रका अभ्यासको अध्ययन, वर्गीकरण र विश्लेषण गरिएको छ । नमुना अभ्यासको पाठअनुरूपता र विधागत अनुरूपतालाई उद्देश्य अनुरूपतामा ढालेर विश्लेषण गरिएको छ । प्रत्येक विधाभित्रका पाठमा समाविष्ट अभ्यासको गणना गरी प्रतिशताङ्कसमेत प्रस्तुत गरिएको छ ।

### ४.१.१ सीपगत आधारमा उद्देश्यहरू वर्गीकरण

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यलाई सीपगत रूपमा निम्नानुसार वर्गीकरण गरीएको छ ।

तालिका नं. ३

| सीपगत | | | |
|---|---|---|---|
| | सु. बो. | पढाइ | लेखाइ |
| उद्देश्य संख्या | ८ | ६ | १० |
| प्रतिशत | ३३.३ प्रतिशत | २५ प्रतिशत | ४१.६ प्रतिशत |

तलिका नं. ३ अनुसार सुनाइ र बोलाइ सीपका लागि ३३.३ प्रतिशत पढाइका लागि २५ प्रतिशत र लेखाइका लागि ४१.६ प्रतिशत उद्देश्यहरू निर्धारण गरेको देखिन्छ ।

यसबाट मा. वि. तहमा सुनाइ र बोलाइलाई महत्त्व दिदै पढाइ र लेखाइ सीपको विकासमा विद्यार्थीहरूलाई अभ्यस्त गर्नुपर्ने  भाषा शिक्षणको नियमलाई अनुशरण गर्न खोजेको देखिन्छ । सुनाइ र बोलाइ सीपअर्न्तगत हाउभाउ, आघात, लय, चेष्टा आदिको ख्याल गरी सर्न्दभअनुसार अभिव्यक्ति सुनेर मौखिक व्यक्त गर्ने, शव्दहरू शुद्ध उच्चारण गर्ने, आफूले देखेसुनेका र पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाइ व्यक्त गर्ने, मौखिक अभिव्यक्ति सुनेर तार्किक रूपमा आफ्नो विचार व्याक्त गर्ने, शिष्ट र उपयुक्त भाषाशैलीमा अभिव्यक्ति दिने, सन्दर्भ अनुसार उखान टुक्काको प्रयोग गरी बोल्ने आदि उद्देश्यहरू रहेका हुन्छन् । त्यसैगरी पढाइ सीप अन्तर्गत लिखित सामग्रीलाई गति, यति, मिलाइ शुद्ध र स्पष्ट सस्वरवाचन गर्ने, मौनवाचन गर्ने, विभिन्न प्रयोजनका लागि कथा, निवन्ध, जीवनी आदि पढ्ने जस्ता सीपहरूको विकास गर्ने उद्देश्य राखिएको हुन्छ । लेखाइ सीप अन्तर्गत हिज्जे, वाक्य गठन मिलाएर शुद्धसँग लेख्ने, सुनेका र पढेका विषयवस्तुको व्याख्या, सप्रसङ्ग व्याख्या, विवेचना, सारांश लेख्ने, व्याकरणका आधारभूत नियमहरू पालना गरी उपयुक्त वाक्यगठन निर्माण गर्ने जस्ता सीप विकास गर्ने उद्देश्य राखिएको छ । यसरी निर्धारीत उद्देश्यहरू विभिन्न तहमा रहेका कुरा तालिका - ३ बाट स्पष्ट हुन्छ ।

यसरी भाषापाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूर्तिगर्न भाषापाठ्यपुस्तकको आवश्यकता पर्दछ । भाषापाठ्यपुस्तकमा विभिन्न विधाहरू समावेश गरिन्छन् र सोहीबमोजिम पाठहरू राखिन्छन् । ती पाठसँग सम्बद्ध नमुना अभ्यासहरू दिइएका हुन्छन् । विद्यार्थीलाई अपेक्षित उद्देश्य पूर्ति गर्न तिनै अभ्यासका आधारमा क्रियाशिल गराउनु पर्दछ । अभ्यासले नै विद्यार्थीको उपलब्धि स्तर निर्भर गर्दछ । अतः यहाँ कक्षा दशको नेपाली किताव (प.सं २०६४) मा समाविष्ट नमुमा अभ्यासको सीपगत र तहगत आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ ।

## ४.२. विधागत आधारमा नमुना अभ्यासको अध्ययन

### ४.२.१ कथा विधाअर्न्तगतका पाठ र सम्बद्ध नमुना अभ्यासको वर्गीकरण र विश्लेषण

कथा साहित्यको रोचक विधा हो । यसबाट विद्यार्थीमा भाषिक सीपहरूको विकास गर्न निकै सघाउ पुग्दछ । कथा शिक्षणको प्रयोजन साहित्यिक आस्वादन गराउनु, भाषिक परिष्कारका साथै मनोरञ्जन दिनु, विषयबोध र रुचि सम्बर्द्धन गर्नुका साथै नैतिक उपदेश, अनुशासन, चरित्र निर्माण र सिर्जनशील क्षमताको विकास गराउनु हो । ( शर्मा र पौडेल , २०६० : १९८) त्यसैले कथा विधामा कथनशैली, पठनसीप बोध तथा चरित्र चित्रण जस्ता उच्च दक्षताको क्रियाकलाप गराउने अभ्यासहरू समावेश गरिनु पर्दछ । यसका साथै शब्दभण्डार र पठन सीपसम्बद्ध अभ्यासलाई महत्त्वका साथ समाविष्ट गरिनुपर्दछ । कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाअन्तर्गतका पाठ र तिनमा समावेश गरिएका नमुना अभ्यासलाई निम्नअनुसार वर्गीकरण गर्न सकिन्छ ।

तालिका नं. ४

क) सीपगत आधारमा कथा विधाका अभ्यासको वर्गीकरण

| क्र.स. | पाठ/सीप | सु.वो. | प. | ले. | बो. ले. | प.ले. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | कर्तव्य | २ | १ | २ | १ | ५ | ११ |
| २ | दोषी चश्मा | २ | ३ | ३ | | ५ | १३ |
| ३ | न्यायको पक्ष | २ | १ | ५ | १ | ३ | १२ |
| | जम्मा | ६ | ५ | १० | २ | १३ | ३६ |
| | प्रतिशत | १६.६ | १३.८ | २७.७ | ५.५ | ३६.१ | |

तलिका नं ४

ख) तहगत आधारमा कथा विधाका अभ्यासको वर्गीकरण

| क.स. | पाठ/सीप | ज्ञान | बोध | व्य.सी | उ.द. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | कर्तव्य | २ | ३ | ४ | २ | ११ |
| २ | दोषी चश्मा | ३ | २ | ४ | ४ | १३ |
| ३ | न्यायको पक्ष | २ | २ | ४ | ४ | १२ |
| | जम्मा | ७ | ७ | १२ | १० | ३६ |
| | प्रतिशत | १९.४ | १९.४ | ३३.३ | २७.७ | |

शब्दार्थ संख्या : १३८ (२७.२१ प्रतिशत)

तालिका नं. ४ (क) मा हेर्दा कथा विधामा जम्मा ३ वटा पाठमा समाविष्ट नमुना अभ्यासका जम्मा ३६ अभ्यास मध्ये ६ ( १६.६ प्रतिशत ) सुनाइ र बोलाइ, ५(१३.८ प्रतिशत) पढाइ, १०(२७.७ प्रतिशत) लेखाइ, २(५.५ प्रतिशत) पढाइ र लेखाइ तथा १३(३६.१ प्रतिशत) पढाइ र लेखाइ सीपसम्बन्ध देखिन्छन् । तातिकाका सीपहरूको वर्गीकरणले एकीकृत र अन्तर्सम्बन्धात्मक स्थितिलाई देखाउँछ । यसबाट भाषा शिक्षण सिकाइमा सीपहरूको एकीकृत विकासलाई महत्त्व दिने कुरा उल्लेख छ । कथा रोचक र प्रभावमारी विधा भएकाले यसमा सबै सीपसम्वद्ध अभ्यासहरू राखिनु आवश्यक ठहर्छ । सुनाइ र बोलाइ सीप अर्न्तगतका अभ्यासहरू मौखिक उत्तर दिने, शुद्ध उच्चारण गर्ने  आदि रहेका  छन् । जस्तै :

क) कुन ठाउँको सौन्दर्यले स्वर्गलाई पनि गिज्याइरहेको थियो ?

ख) पाण्डवका पुरोहित को थिए ? (पृष्ठ १०६)

२, शुद्ध उच्चारण गर-

बर्तुन , श्राद्ध , अत्युक्ति , आशास्तम्भ , धन्वन्तरि , आर्तनाद (पृष्ठ -१५) ।

पढाइ सीपअर्न्तगत सस्वरवाचन गर्ने, शव्दको अर्थ बताउने जस्ता अभ्यासहरू रहेका छन् ।

जस्तै : दोषी चश्मा कथाको दोस्रो र तेस्रो अनुच्छेद सस्वरवाचन गर्नुहोस् (पृष्ठ - ५९) ।

३. अर्थ लेख - विपुल, भाका, फिराद, तालुकदार, क्षति, दिग्दिगन्त )(पृष्ठ -१५)

लेखाइ सीपअर्न्तगत सच्चाएर पुनर्लेखन गर्ने, सप्रसङ्ग व्याख्या गर्ने, विवेचनात्मक उत्तर लेख्ने, सार लेख्ने, वुँदा टिपोट गर्ने आदि अभ्यासहरू रहेका छन् ।

जस्तै ६. सप्रसङ्ग व्याख्या गर्नुहोस :

तिमीसँग मलाइ के को डर मैले झन कड्किएर भनि दिए वुझ्नु भो दाई म न पाण्डवसँग लाग्छु न त कौरव तर्फ (पृष्ठ -१०७)

१०. सप्रसङ्ग व्याख्या गर्नुहोस :

ख) एउटा भुललाई अर्को भुलले सच्याउन सक्दैन (पृष्ठ - ६०)

११. विवेचनात्मक उत्तर दिनुहोस :

(क) कर्तव्य कथामा कथाकारले नेपाली समाजका  के कस्ता वास्तविकताहरूलाई देखाउन खोजेका छन्(पृष्ठ - १६)

१२. "न्यायको पक्ष " कथाको सार लेख्नुहोस् (पृष्ठ - १०७)

बोलाइ र लेखाइ सीपअर्न्तगत वाक्यमा प्रयोग गर्ने अभ्यासहरू रहेका छन् ।

जस्तै : ५. वाक्यमा प्रयोग गर्नूहोस : हस्याङफस्याङ गर्नु , ढुङ्गा खोज्दा देउता भेट्टाउनु, कलियुगले छोप्नु (पृष्ठ - १०७)

कथा विधाले पढाइ र लेखाइ सीपको एकिकृत विकास गर्नको लागि यससँग सम्बद्ध एकिकृत अभ्यासहरू समावेश गरिएको छ । पढाइ र लेखाइ सीप अर्न्तगत पाठसँग सम्वद्ध प्रश्नहरूको उत्तर पढेर लेख्ने, पाठका अनुच्छेद पढी उत्तर लेख्ने, पाठका अनुच्छेद पढी विभिन्न शब्द लेख्ने जस्ता अभ्यासहरू समावेश छन् ।

जस्तै : ९ . तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

क) गङ्गाधरको चरित्र चित्रण गर्नुहोस (पृष्ठ - १६ )।

८. पाठबाट अनुकरणात्मक शब्द खोजी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस्  ( पृष्ठ - १६ ) ।

यसरी भाषिक सीप विकासका आधारमा कथा विधाको अभ्यासको अध्ययन गर्दा यसबाट पाठ्यक्रमले निर्धारण गरेका सुनाइ, बोलाइ, पढाइ, र लेखाइ सीपको विविध लक्ष्य पूरा हुन सक्ने हुदाँ अभ्यासको संयोजन उपयुक्त देखिन्छ । माथिल्लो कक्षामा पढाइ तथा लेखाइ सीपलाई महत्त्व दिनुपर्ने पाठ्यक्रमको मर्मलाइ अभ्यासले सार्थक बनाउने प्रयास गरेको देखिन्छ ।

तालिका नं. ४ ( ख ) मा कथा विधामा समाविष्ट अध्यासलाई तहगत रूपमा वर्गीकरण गरिएको छ । जसअनुसार ज्ञानतहका ७ ( १९.७ प्रतिशत ), बोधतहका ७ ( १९.४ प्रतिशत ), व्यावहारिक सीप तहका १२ ( ३३.३ प्रतिसत ) र उच्च दक्षताको १० ( २७.७ प्रतिसत ) अभ्यासहरू देखिन्छ । ज्ञानात्मक तहमा शव्दको अर्थ बताउने, पाठबाट अनुकरणात्मक, अनेकार्थी शव्दहरू खोज्ने आदि अभ्यासहरू रहेका छन् । बोधतहमा मौखिक उत्तर दिने आदि जस्ता अभ्यासहरू रहेका छन् । व्यावहारिक सीप सम्वद्ध अभ्यासमा शुद्ध लेख्ने, सस्वर वाचन गर्ने, वाक्यमा प्रयोग गर्ने जस्ता अभ्यासहरू रहेका छन् । उच्च दक्षता अर्न्तगत पाठको सारांश लेख्ने व्याख्या गर्ने । विवेचनात्मक उत्तर लेख्ने आदि अभ्यासहरू समाविष्ट देखिन्छन् ।

उपयुक्त आधारमा कथा विधाबाट सरल र प्रभावकारी हिसावले विभिन्न अभ्यास गराउन सकिने भएकोले उच्च दक्षताको अभ्यासहरूमा अझ बढि जोड दिनु राम्रो मान्न सकिन्छ । यस विधामा व्यावहारिक सीपसम्वद्ध अभ्यासलाई सबैभन्दा बढी महत्त्व दिइएको छ । ज्ञानतह र बोधतहलाई समान महत्त्व दिइ अभ्यासहरू समावेश गरेको तथ्य तालिकाले देखाउँछ ।

कथा विधामा जम्मा शब्दार्थ १३८ (२७. २१ प्रतिशत) लाई स्थान दिइएको पाइन्छ । यसबाट कथा पाठमा शव्दभण्डारको लागि पनि विचार पुऱ्याउन खोजेको देखिन्छ । कथा विधाको माध्यमबाट पनि विद्यार्थीमा शब्दभण्डारको विकास गराउन सकिन्छ भन्ने कुरालाई प्रस्तुत पाठका अभ्यासले आत्मसाथ गरेको देखिन्छ ।

### ४.२.२ कविता विधा अर्न्तगतका पाठ र सम्बद्ध नमुना अभ्यासको  विश्लेषण

कविता साहित्यको लयधर्मी विधा हो । कविता लयबद्ध वाचन र श्रवण गरेर साहित्यिक आनन्द लिन सकिन्छ । भाषापाठ्यपुस्तकमा कविता विधालाई पनि महत्त्वका साथ स्थान दिइएको हुन्छ । कविता शिक्षणका उद्देश्यलाई शर्मा र पौडेल ( २०६० : १८४ ) ले निम्नानुसार प्रस्तुत गरेका छन् । १. बालबालिकामा लय, भाव र तालका साथै सस्वरवाचन गर्ने  योग्यताको विकास गर्नु  २. कविताप्रति रुचि संबर्द्धन गर्नु ३. सृजनात्मक लेखनका लागि उत्प्रेरित गर्नु  ४. कल्पना शक्तिको विकास गर्नु ५. उद्धत्त भावनाको विकास गर्नु ६. व्यक्तित्व विकास र चरित्रको निर्माण गर्नु ७. विद्यार्थीको बौद्धिक विकास गर्नु ८. उच्चारण, शब्दभण्डार तथा वाक्य रचना जस्ता भषिक विशेषता संग परिचित गराउनु ९. रस, छन्द, अलङ्कार आदिको आनन्द लिने सामर्थ्य बढाउनु १०. विश्लेषणात्मक क्षमताको विकास गर्नु ।

कविता शिक्षणका उल्लेखित उद्देश्यहरूको पूर्ति गर्नकालागि यसमा पाठमा अभ्यासको समावेश गर्दा लयवद्ध वाचन गर्ने, भाव विस्तार गर्ने, सप्रसङ्ग व्याख्या गर्ने सिर्जनात्मक अभ्यास आदि समावेश गर्नुपर्ने देखिन्छ । त्यस्तै नैतिकता सच्चरित्रताको विकास गर्ने खालका उद्देश्य मूलक कविता समावेश गर्नुपर्ने देखिन्छ । साहित्यिक रसस्वादनका लागि कविता महत्त्पूर्ण विधा भएकाले यस स्तरका बालबालिकालाई कविता सिर्जना गर्ने तर्फ प्रेरित गर्नु पर्छ । यसबाट कल्पनात्मक र भावात्मक क्षमताको विकासमा सहयोग पुग्दछ । कविता सिर्जनाको लागि शब्दभण्डारको भूमिका उल्लेखनीय हुने भएकोले शब्दार्थ तथा शब्दभण्डारमा विशेष क्रियाशील गराउनुपर्दछ । कविता शिक्षणलाई सरल र प्रभावकारी बनाउन विभिन्न कार्यकलाप गराउन सकिन्छ । सस्वरवाचन, अन्ताक्षरी प्रतियोगिता, कविता लेखन प्रतियोगिता, कवि सम्मेलन आदिमा विद्यार्थीलाई क्रियाशील बनाउनु प्रभावकारी हुन्छ ।

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविता विधाका नमुना अभ्यासलाई सीपगत र तहगत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

तालिका नं. ५

क) सीपगत आधारमा कविता विधाका नमुना अभ्यासको बर्गीकरण

| क्र.स. | पाठ/सीप | सु.वो. | प. | ले. | बो. ले. | प.ले. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्रश्नोत्तर | २ | ३ | २ | २ | १ | १० |
| २ | वैशाख | २ | २ | ३ | १ | ३ | ११ |
| ३ | सहिदहरूको सम्झनामा | २ | ४ | ४ | १ | २ | १३ |
| | जम्मा | ६ | ९ | ९ | ४ | ६ | ३४ |
| | प्रतिशत | १७.८२ | २६.४७ | २६.४७ | ११.७६ | १७.८२ | |

तालिका नं. ५

ख) तहगत आधारमा कविता विधामा नमुना अभ्यासको वर्गीकरण

| क्र.स. | पाठ/सीप | ज्ञान | बोध | व्य.सी | उ.द. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | प्रश्नोत्तर | २ | २ | ३ | ३ | १० |
| २ | वैशाख | ३ | २ | ३ | ३ | ११ |
| ३ | सहिदहरूको सम्झनामा | ३ | २ | ५ | ३ | १३ |
| | जम्मा | ८ | ६ | ११ | ९ | ३४ |
| | प्रतिशत | २३.५२ | १७.८२ | ३२.३५ | २६.४७ | |

शब्दार्थ संख्या ३८ (७.४९ प्रतिशत)

तालिका नं. ५ (क) मा कविता विधाका पाठ र तिनमा समाविष्ट नमुना अभ्यासको वर्गीकरण गरी देखाइएको छ । तालिका अनुसार सुनाइ र बोलाइ सीपका लागि ६( ), पढाइका लागि ६( ), लेखाइका लागि ९( ), बोलाइ र लेखाइका लागि ६ ( ) अभ्यास रहेका देखिन्छन् ।

यसमा पनि कथा विधाका पाठमा जस्तै सुनाइ र बोलाइ सीपसम्बद्ध अभ्यासहरू जस्तै : शुद्ध उच्चारण गर्ने, एक वाक्यमा मौखिक उत्तर दिने आदि जस्ता अभ्यास पर्दछन् । पढाइ सीपअर्न्तगत लयबद्ध वाचन गर्ने, शब्दको अर्थ लेख्ने, पर्याय लेख्ने, विपरीतार्थक शब्द लेख्ने आदि अभ्यास पर्दछन् । लेखाइ सीपअर्न्तगत सप्रसङ्ग व्याख्या गर्ने, व्याख्या गर्ने , विवेचनात्मक उत्तर लेख्ने जस्ता अभ्यास पर्दछन् । बोलाइ र लेखाइ सीपको एकिकृत विकासका लागि वाक्यमा प्रयोग गर्ने तथा सामुहिक छलफलगरी निस्कर्ष लेख्ने आदि र पढाइ तथा लेखाइ सीपअन्तर्गत प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्ने, कवितामा प्रयोग भएका शब्दहरूलाई प्रचलित वर्णविन्यास अनुसार लेख्ने आदि अभ्यास समाविष्ट देखिन्छन् ।

तालिका नं. ५(ख) मा कविताका पाठमा समाविष्ट नमुना अभ्यासलाई तहगतरूपमा वर्गीकरण गरेर देखाईएको छ । जसअनुसार ज्ञानतहमा ८( ), बोधतहमा ६( ) , व्यवहारिक सीपसम्बद्ध ११( ) र उच्च दक्षतासँग सम्बन्धित ९ ( ) अभ्यासहरू रहेका छन् । कविता विधामा ३८ (७.४९ प्रतिशत) शब्दार्थ समावेश गरिएको छ । यसबाट कविता विधाका पाठहरूमा कठिन शब्दहरू कम समावेश भएको प्रष्ट हुन्छ । सरल शब्द र मिठो भाषाशैलीका कविता चयन गरी विद्यार्थीहरूमा कविता प्रतिको चाख बढाउन कविता विधा सक्षम देखिन्छ ।

कविता विधाका विधागत नमुना अभ्यासको संयोजनमा जोड दिन खोजेको देखिन्छ । कविताप्रति रुचि संबर्द्धन गर्ने खालका कार्यकलाप प्रति नमुना अभ्यास मौन देखिन्छ । कविता विधाका पाठहरूमा कविता शिक्षण सिकाइलाई रोचक र प्रभावकारी गराउन अन्ताक्षरी प्रतियोगिता, कवि सम्मेलन आदि जस्ता क्रियाकलापको निर्देशन हुनुपर्नेमा त्यो कुरा उल्लेख नहुनु दुर्वल पक्ष मानिन्छ। यस तहका विद्यार्थीलाई कल्पनात्मक शक्तिको विकास गर्नेतर्फ अग्रसर गराउनु पर्ने देखिन्छ ।

### ४.२.३ निबन्ध विधाअर्न्तगतका पाठ र तिनमा समाविष्ट नमुना अभ्यासको वर्गीकरण र विश्लेषण

निबन्ध साहिन्यको सरलदेखि गहनतम क्षेत्रलाई समेट्न सक्ने विधा हो । निबन्ध भावपरक, आत्मपरक तथा कल्पनात्मकतातिर ढल्केको हुन्छ । माध्यमिक तहमा वस्तुपरक र आत्मपरक निबन्धको शिक्षण बढी उपयोगी मानिन्छ । यसबाट भाषका विविध पक्ष तथा लेखन सीपको विकासमा मद्दत पुग्दछ । माध्यमिक शिक्षापाठ्यक्रम २०६४ का अनुसार “यस विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यस तहमा पाठ्य तथा लेख्य निबन्धहरूको भाषिक सीप विकासमो अभ्यास गराउदा मौन पठन बोध, छलफल, प्रश्नोत्तर, व्याख्या  आदिको उपयोग गर्नु पर्छ । यसका अतिरिक्त गद्यांशको सस्वरपठन, पठन बोध, मौखिक तथा लिखित प्रश्नोत्तर, बुँदाटिपोट, व्याख्या, सारांश भावविस्तारका साथै शव्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रूतिलेखन जस्ता अभ्यास गराउनु अपेक्षित छ । लेख्य रूपमा  यसको शिक्षण गर्दा निर्देशित र स्वतन्त्र लेखनका प्रक्रियाहरू अपनाइ निबन्धका उपयुक्त अभ्यास गराउनु आवश्यक छ ।”

यसरी निबन्ध शिक्षणका लागि विधार्थीलाई पठनबोध सारांश लेखन, भावविस्तार, बुँदा टिपोट आदि अभ्यासमा बढी शिक्षण गर्न पनि निबन्ध निकै प्रभावकारी विधा मानिन्छ । अतः निबन्ध विधा पाठमा पठनबोध, बुँदा टिपोट, सारांश लेखन, भाव विस्तार, सप्रसङ्ग व्याख्या, निबन्ध लेखन संग सम्वन्धित अभ्यासहरू समावेश गरिनु आवश्यक ठानिन्छ । कक्षा दशको नेपाली पाठ्यपुस्तकमा निबन्ध पाठहरू समावेश गरिएको छ । उक्त विधा अर्न्तगतका पाठ र सम्बद्ध अभ्यासको  वर्गीकरण र विश्लेषण निम्नानुसार गरिएको छ :

तालिका नं ६

क) निबन्ध विधाका अभ्यासको सीपगत वर्गीकरण

| क्र.स. | पाठ/सीप | सु.वो. | प. | ले. | बो. ले. | प.ले. | जम्मा |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | जय भोलि | २ | २ | ३ | १ | ७ | १५ |
| २ | मिथिला चित्रकला | २ | ३ | ४ | १ | ५ | १५ |
| ३ | यन्त्र मानव | २ | २ | ५ | १ | ४ | १४ |
| | जम्मा | ६ | ७ | १२ | ३ | १६ | ४४ |
| | प्रतिशत | १३.६३ | १५.९ | २७.२७ | ६.८१ | ३६.३६ | |

तालिका नं ६

ख) तहगत आधारमा प्रबन्ध विधाका अभ्यासको वर्गीकरण

| क्र.स. | पाठ/सीप | ज्ञान | बेध | व्य.सी | उ.द. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | जय भोलि | २ | ५ | ५ | ३ | १५ |
| २ | मिथिला चित्रकला | ३ | ४ | ६ | २ | १५ |
| ३ | यन्त्र मानव | २ | ३ | ५ | ४ | १४ |
| | जम्मा | ७ | १२ | १६ | ९ | ४४ |
| | प्रतिशत | १५.९ | २७.२७ | ३६.३६ | २०.४५ | |

शब्दार्थ संख्या - ९१ ( १७. ९४ प्रतिशत)

निबन्ध विधामा समाविष्ट ४४ अभ्यास मध्ये सुनाइ र बोलाइ सीपका लागि ६ (१३.६३ प्रतिशत) अभ्यासहरू समावेश देखिन्छन् । यस्ता अभ्यासहरूमा ३. तलका शब्दहरू उच्चारण गर्नुहोस : तन्द्रयाङतुन्द्रुङ, तात्तातो, थोत्रो ( पृष्ठ : २४), १. तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस :- क) मिथिला क्षेत्र अर्न्तगत नेपालको तराईका कुनकुन भागहरू पर्दछन् ? ख) मैथिली नारीहरूले मैथिली चित्रकला कसरी सिक्दछन ?( पृष्ठ : ६७) आदि ।

पढाइ सीप अर्न्तगत ७ ( १५.९ प्रतिशत) अभ्यासहरू समावेश गरिएको छ । यस्ता अभ्यासहरूमा ६ . अर्थ लेख्नुहोस : अविस्मरणीय, आशातीत प्रक्रिया, भुजा (पृष्ठ - ११६), ८ पाठको तेस्रो अनुच्छेद सस्वरवाचन गर्नुहोस (पृष्ठ - ६८) आदि रहेका छन ।

लेखाइ सीपसम्वद्ध १२(२७.२७ प्रतिशत) अभ्यास समाविष्ट देखिन्छ । जस्तै : ३. तलको वाक्य सच्याएर सार्नुहोस - वर्षभरी मनाइने विभिन्न चाडपर्व ब्रतपुजा आदि अबसरहरूमा भीन्न भीन्न रूपमा मिथिला भित्र कला प्रश्तुत हुन्छ । (पृष्ठ-६७) । १३. विवेचनात्मक उत्तर दिनुहोस् - वर्तमान युगमा यन्त्रमानवको महत्व र उपयोगिता के कस्तो देखिन्छ (पृष्ठ - ११७) ? आदि रहेका छन् ।

बोलाइ र लेखाइ सीपसम्वद्ध अभ्यासहरू पनि यस विधामा समावेश छन् । जस्तै ७. वाक्यमा प्रयोग गर - आशातीत प्रगति, युगान्तकारी परिवर्तन, दु:साध्य र कठिन (पृष्ठ - ११७) । बोलाई र लेखाइ सीपसम्बद्ध ३(६.८१ प्रतिशत ) अभ्यासहरू समावेश देखिन्छन ।

त्यस्तै यस विधामा पढाइ र लेखाइ सीपको एकिकृत विकासमा निकै जोड दिएको देखिन्छ । पढाइ र लेखाइ सीपको एकिकृत विकासका लागि १६( ३६.३९ प्रतिशत) अभ्यासहरू समाविष्ट देखिन्छन् । यस्ता अभ्यासहरूमा अनुच्छेद पढी उत्तर लेख्ने, पाठसंगसम्वद्ध प्रश्नहरूको उत्तर लेख्ने, पाठको अनुच्छेद पढी मुख्य मुख्य वुँदा टिपोट गर्ने आदि अभ्यासहरू रहेका छन् ।

त्यसै गरी सुनाइ र लेखाइ सम्बद्ध अभ्यास पनि कतै समाविष्ट देखिन्छन् । जस्तै ३. यसपाठको छैठौ अनुच्छेद शिक्षकको सहयोगमा श्रुति लेखन गर्नुहोस् (पृष्ठ -११९)।

तालिका नं. ६(ख)मा तहगत रूपमा हेर्दा यस विद्यामा ज्ञानतहमा ७(१५. ९ प्रतिशत) , बोध १२(२७.२६ प्रतिशत), व्यावहारिक सीप १६(३६.३६ प्रतिशत) र उच्चदक्षता तहमा ९( २०. ४५ प्रतिशत) अभ्यासहरू समावेश गरिएका छन् । ज्ञान तहको अभ्यासमा शब्दको अर्थ लेख्ने, पर्याय लेख्ने आदि अभ्यास रहेका छन् । बोध तहका अभ्यासमा एक वाक्यमा उत्तर दिने, छोटो उत्तर दिने, पढेर आशय बताउने, बुँदा टिपोट आदि अभ्यास रहेका छन् । व्यावहारीक सीप अर्न्तगत श्रुतिलेखन, शुद्धोचरण, सस्वरवाचन, वाक्यमा प्रयोग गर्ने, आदि जस्ता अभ्यासहरू रहेका छन् । उच्च दक्षता अर्न्तगत व्याख्या गर्ने, सप्रसङ्ग व्याख्या गर्ने, विवेचनात्मक उत्तर लेख्ने आदि अभ्यास रहेका छन् । यस विधा अर्न्तगत जम्मा ९१(१७.९४ प्रतिशत) शब्दार्थलाई समावेश गरिएको छ ।

निबन्ध विधा शिक्षणको प्रयोजन लेखनकलाको विकास गराउनु, शब्दभण्डारको अभिवृद्धि गर्नु, बोध र अभिव्यक्ति क्षमताको विकास गराउनु आदि मान्न सकिन्छ । निबन्ध विधामा नमुना अभ्यासहरू विशेष गरी लेखाइ सीपलाई महत्त्व दिने अभ्यास गराउनु पर्ने हँदा निबन्धमा बोध, बुँदा टिपोट, सारांश लेखन सिर्जनात्मक अभ्यासलाई जोड दिनु आवश्यक छ । यस अध्ययनबाट विद्यार्थीका लागि लेखाइ सीपलाई विकास गराउन निबन्ध लेख्ने प्रशस्त अभ्यास राख्नुपर्नेमा नभएको देखिन्छ । लेखाइ सीपसम्बद्ध श्रुतिलेखन, बुँदा टिपोट, सप्रसङ्ग व्याख्या गर्ने अभ्यासहरू उपयुक्त देखिन्छ ।

यस विधाको मुख्य प्रयोजन विधार्थीमा गद्यात्मक अभिव्यक्ति बोध क्षमताको साथै गद्यात्मक लिखित अधिव्यक्ति क्षमता विकास गर्नु हो । अतः यस विधाका अभ्यासमा निर्देशित तथा स्वतन्त्र रूपमा निबन्ध लेखन, मौनपठनप, प्रश्नोत्तर, छलफल, व्याख्या, बुँदा टिपोट, सारांश लेखन आदि जस्ता अभ्यासमा विशेष जोड दिनुपर्ने देखिन्छ ।

### ४.२.४ जीवनी विधाका पाठ र तिनमा समाविष्ट नमुना अभ्यासको वर्गीकरण र विश्लेषण

जीवनी शिक्षणको मुख्य उद्देश्य भाषाका मौखिक तथा लिखित बोध एवम् अभिव्यक्ति सीपको विकास गर्नु हो । यो विधा विशिष्ट व्यक्तित्व एवम् चरित्रको मौखिक तथा लिखित वर्णन गर्ने सीपको विकास गराउन सकिन्छ । यसका अतिरिक्त यस्ता पाठहरूबाट सस्वर तथा मौनपठन, पठनबोध, व्याख्या, सारांश, घटनाक्रम मिलाउने, कठिन शव्दको उच्चारण, अर्थ र प्रयोग, श्रुतिलेखन जस्ता क्रियाकलाप गराउनु पर्छ ।(मा. शि.ने. पा . २०६४: १५)। यसका साथै व्यक्तिको चरित्र निर्माण तथा सकारात्मक भावनाको विकास गरी जीवनलाई विशिष्ट मार्गनिर्देशन गर्नु पनि जीवनी शिक्षणको महत्त्वपूर्ण पक्ष हो । त्यसले जीवनीका पाठहरूमा विभिन्न सीप तथा तहगत अभ्यासहरूलाई युक्तिपूर्वक संयोजन गरिनु पर्दछ । मौखिक तथा लिखित अभिव्यक्तिको विकास गर्ने खालका बोध सारांश लेखन, व्याख्या गर्ने, सिलसिला मिलाएर घटनाक्रमको प्रस्तुति गर्ने जस्ता भाषिक सीपविकासका अभ्यासहरू समावेश गर्नुपर्ने हुन्छ ।

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट जीवनी विधाका पाठ र सम्वद्ध नमुना अभ्यासलाई निम्न अनुसार हेर्न सकिन्छ ।

क) सीपगत आधारमा जीवनी विधाका अभ्यासको वर्गीकरण

तालिका नं. ७

| क्र.स. | पाठ/सीप | सु.वो. | प. | ले. | बो. ले. | प.ले. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | जयपृथ्वी वहादुर सिंह | ३ | १ | ३ | २ | ३ | १२ |
| २ | इमानसिहं चेम्जोङ | २ | २ | ३ | १ | ३ | ११ |
| ३ | नेल्सन मण्डेला | २ | ३ | ४ | १ | २ | १२ |
| | जम्मा | ७ | ६ | १० | ४ | ८ | ३५ |
| | प्रतिशत | २० | १७.१४ | २८.५७ | ११.४२ | २२.८५ | |

ख) तहगत आधारमा जीवनी विधाका अभ्यासको वर्गीकरण

तालिका नं. ७

| क्र.स. | पाठ/सीप | ज्ञान | बोध | व्य.सी | उ.द. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | जयपृथ्वी वहादुर सिंह | २ | ४ | ३ | ३ | १२ |
| २ | इमानसिहं चेम्जोङ | १ | ३ | ४ | ३ | ११ |
| ३ | नेल्सन मण्डेला | १ | ३ | ५ | ३ | १२ |
| | जम्मा | ४ | ११ | १२ | ९ | ३६ |
| | प्रतिशत | १२.४२ | ३१.४२ | ३४.२८ | २५.७१ | |

शव्दार्थ सङ्ख्या ८९(१७.५५ प्रतिशत)

तालिका ७ (क) जीवनी विधाका पाठमा समाविष्ट नमुना अभ्यासलाई भाषिक सीपगत आधारमा वर्गीकरण गरीएको छ । यसमा सुनाइ र बोलाइ सीप अर्न्तगत ७(२० प्रतिशत), पढाइ सीपअर्न्तगत ६( १७.१४ प्रतिशत), लेखाइ अर्न्तगत १० ( २८.५७ प्रतिशत), बोलाइ र लेखाइ सीप अन्तर्गत ४( ११.४२ प्रतिशत) र पढाइ र लेखाइ सीपको विकासगर्ने ८( २२.८५ प्रतिशत)

अभ्यासहरू रहेको देखिन्छ । यस विधामा शब्दार्थ सङ्ख्या ८९( १७.५५प्रतिशत) समाविष्ट देखिन्छन् ।

यस विधामा पनि अन्य विधामा जस्तै एक वाक्यमा मौखिक उत्तर दिने, शुद्धोच्चारण गर्ने जस्ता अभ्यासहरू सुनाइ र बोलाइ सीपसम्बद्ध देखिन्छन् भने शव्दको अर्थ लेख्ने, सस्वरवाचन गर्ने जस्ता अभ्यास पढाइ सीपसम्बद्ध देखिन्छन् । लेखाइ सीप अन्र्तगत शुद्ध पारी लेख्ने, व्याख्या गर्ने, सप्रसङ्ग व्याख्या गर्ने आदि अभ्यासलाई राखिएको छ । बोलाइ र लेखाइ सीप अन्र्तगत वाक्यमा प्रयोग गर्ने, सामुहिक छलफलगरी लेख्ने जस्ता अभ्यासहरू देखिन्छन् । पढाइ र लेखाइ सीपको एकिकृत विकासका लागि अनुच्छेद पढी उत्तर लेख्ने, बुँदा टिपोट गर्ने जस्ता अभ्यासहरू समाविष्ट छन् ।

तालिका नं. ७ (ख) अनुसार तहगत रूपमा नमुना अभ्यासलाई हेर्दा ज्ञानात्मक तहमा ४( ११.४२ प्रतिशत), बोध तहमा ११ (३१.४२ प्रतिशत), व्यवहारिक सीपअन्र्तगत १२ ( ३४.२८ प्रतिशत) र उच्च दक्षता अन्तर्गत ९ ( २५.७१ प्रतिशत ) अभ्यासहरू समाविष्ट देखिन्छन् । जीवनी विधा पनि गद्यात्मक अभिव्यक्ति भाषिक प्रयोग एवंम चरित्र निर्माणका लागि प्रभावकारी विधा भएको हुँदा यस तहमा बोध तहका अभ्यासलाई प्रथामिकताका साथ समेट्नु आवश्यक देखिन्छ । जीवनी विधाले शब्द भण्डारका लागि विशेष भूमिका खेल्ने हुनाले यस विधामा दिइएका शब्दार्थ न्यून दिखिन्छन् । चरित्र चित्रण गर्ने, चारित्रिक विशेषताका आधारमा लिखित अभिव्यक्ति दिने जस्ता उच्च दक्षताका अभ्यासलाई नमुना अभ्यासमा समावेश गर्नु राम्रो देखिन्छ । घटनाक्रमको सिलसिलावद्ध प्रस्तुतिले बोलाइ तथा लेखाइ सीप विकासमा सहयोग पुऱ्याउने भएकोले त्यस्ता अभ्यासको यहाँ अभाव देखिन्छ ।

### ४.२.५ रूपक विधाका पाठ र तिनमा समाविष्ट नमुना अभ्यासको वर्गीकरण र विश्लेषण

रूपक विधा भाषाशिक्षणको लागि रोचक र प्रभावकारी विधा मानिन्छ । रूपक अन्र्तगतका संवाद, वादविवाद र एकाङ्कीलाई कक्षा दशको पाठ्यक्रममा समेटिएको छ ।

“रूपक विधाको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । यसको शिक्षण गर्दा निर्दिष्ट संवाद/एकाङ्की तथा वादविवादलाई परिस्थिति, पात्र तथा भावानुकूल वाचन अभिनय एवम् भूमिका निर्वाह अभ्यास गराउनुपर्छ । यस क्रममा कथ्य अभिव्यक्ति क्षमता बढाउन सहायक हुने हाउभाउ, स्वरको आरोह अवरोह, आघात, गति, यति आदिको ख्याल गर्नुपर्छ । रूपक विधाको अभ्यास गराउँदा प्रश्नोत्तर, कुराकानी, भाव, पहिचान, संवाद वा वादविवादको अनुकरणात्मक लेखन, संवादपूर्ति, संवाद लेखन, वादविवाद लेखन, स्वतन्त्र लेखन, श्रुतिलेखन आदि कार्यकलाप गराउनु पर्छ ।” (मा . शि. ने . प. २०६४ : १५ ) यसरी रूपक शिक्षणको मुख्य प्रयोजन अभिव्यक्ति कौशल बढाउनु हो । यसका अतिरिक्त विधार्थीहरूलाई जानकारी एवम् सन्देशमूलक सुचना दिनु यसको उद्देश्य हो । साहित्यिक रसास्वादनका लागि पनि रूपक प्रभावकारी विधा मानिन्छ ।

तालिका नं. ८

क) रूपक विधाको अभ्यासको सीपगत वर्गीकरण

| क्र.स. | पाठ/सीप | सु.वो. | प. | ले. | बो. ले. | प.ले. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | काम खोज्दै जाँदा (संवाद) | २ | २ | ३ | २ | १ | १० |
| २ | भाग्य भन्दा परिश्रम ठूलो (वादविवाद) | २ | ३ | १ | १ | २ | ९ |
| ३ | घरको माया (एकाङ्की) | २ | ३ | २ | १ | २ | १० |
|  | जम्मा | ६ | ८ | ६ | ४ | ५ | १९ |
|  | प्रतिशत | २०.३४ | २७.५८ | २०.३४ | १३.७९ | १७.३४ |  |

तालिका नं. ८

ख) रूपक विधाका नमुना अभ्यासको तहगत वर्गीकरण

| क्र.स. | पाठ/सीप | ज्ञान | बोध | व्य.सी | उ.द. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | काम खोज्दै जाँदा (संवाद) | २ | २ | ५ | २ | १० |
| २ | भाग्य भन्दा परिश्रम ठूलो (वादविवाद) | २ | १ | ५ | १ | ९ |
| ३ | घरको माया (एकाङ्की) | २ | २ | ५ | १ | १० |
| | जम्मा | ६ | ५ | १४ | ४ | २९ |
| | प्रतिशत | २०.३४ | १७.२४ | ४८.२७ | १३.७९ | |

शव्दार्थ - १४७ (२८.९९ प्रतिशत)

पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका तीनवटा पाठमा जम्मा २९ वटा अभ्यासहरू दिइका छन् । ति मध्ये सुनाइ र बोलाइ सीपसम्बद्ध ६(२०.३४ प्रतिशत) रहेका छन् । शुद्धसँग उच्चारण गर्ने र मौखिक उत्तर दिने जस्ता अभ्यासहरूलाई यस अर्न्तगत राखिएको छ । यस्तै पढाइ सीप सम्बन्द्ध ८(२७.५८ प्रतिशत) देखिन्छ । शिक्षकको निर्देशनमा 'घरको माया' एकाङ्की हाउभाउ सहित अभिनय गर्नुहोस् (पृष्ठ -१२९) आदि अभ्यास पढाइ सीपसम्बद्ध देखिन्छन् । त्यसैगरी लेखाइ सीप अर्न्तगत ६(२०.३४ प्रतिशत) अभ्यास समावेश गरिएको छ । यस अर्न्तगत व्याख्या गर्नुहोस - जीवन भनेकै सुख र दःखको समिश्रण हो (पृष्ठ -४३) । १०. सप्रसङ्ग व्याख्या गर्नुहोस - भोकभोकै मर्नुपरे पनि आफ्नै गाउँमा मर्नु जाती (पृष्ठ -१२९) ६. सच्याएर सार्नुहोस - बिदेस गएपछि त रुखबाट टिपे झैं पेशा सोर्न सकिन्छ जस्तो लाग्थ्यो (पृष्ठ - ४२) । आदि जस्ता अभ्यास राखिएका छन् । बोलाइ र लेखाइ सीपसम्बद्ध ४(१३.७९ प्रतिशत)

अभ्यासहरू रहेका छन् । वाक्यमा प्रयोग गर्ने जस्ता अभ्यास राखिएका छन् ।  जस्तै : वाक्यमा प्रयोग गर्नुहोस् - उन्नति, समुन्द्र, सृष्टि, उपेक्षा, लगानी, अभागी, विपक्ष, आहारा (पृष्ठ -९३) पढाइ र लेखाइ सीपसम्बद्ध ५(१७.३४ प्रतिशत) अभ्यासहरू समाविष्ट छन् । यस अन्तर्गत जस्तै : ६. पाठबाट सर्वनाम शब्द खोजी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् (पृष्ठ - ९३) ९. तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस - क) 'घरको माया' एकाङ्कीमा के कस्तो देशप्रेम देखाइएको छ ? ख) 'घरको माया' एकाङ्कीले दिन खोजेको सन्देश के हो ? (पृष्ठ-१२९) आदि अभ्यासहरू यसमा राखिएका छन् ।

तालिका नं. ८ मा हेर्दा रूपक विधा पाठमा समाविष्ट नमुना अभ्यासलाई तहगत रूपमा वर्गीकरण गरेर देखाइएको छ । जसअनुसार ज्ञान तहमा ६(२०.३४ प्रतिशत) , वोध तहमा ५(१७.२४ प्रतिशत) व्यावहारिक सीपसम्बद्ध १४(४८.२७ प्रतिशत) र उच्च दक्षतासंग सम्वन्धित ४(१३.७९ प्रतिशत) अभ्यासहरू रहेका छन् । रूपक विधामा जम्मा १४७( २८.९९ प्रतिशत ) शब्दार्थ समावेश गरिएको छ । यस विधाले शब्दभण्डारमा जोड दिन खोजेको दिखिन्छ ।

यसप्रकार रूपक विधाका पाठमा समाविष्ट नमुना अभ्यासले सबै भाषिक सीपलाई समेट्न खोजेको देखिन्छ  । रूपक शिक्षणको मूल मर्म कथ्य अभिव्यक्तिको विकास गर्नु रहेकोले यसमा पढाइ र बोलाइ जस्ता भाषिक सीपको विकास गराउने उद्देश्यका अभ्यासहरू बढी समावेश गर्नुपर्ने हुन्छ । प्रस्तुत अभ्यासमा  यस्ता अभिव्यक्तिगत अभ्यास अझै बढापउनुपर्ने देखिन्छ ।

### ४.२.६ चिठी विधाका पाठ र तिनमा समाविष्ट नमुना अभ्यासको वर्गीकरण र विश्लेषण

चिठी लिखित माध्यमद्वारा विचार तथा कुराकानीको विनिमय गर्ने महत्वपूर्ण माध्यम हो । यो एक अर्काको अनुभव आदान प्रदान एवम् वैयक्तिक सम्वन्ध विकास गर्ने माध्यम पनि हो । विद्यार्थीमा चिठीद्वारा स्वतन्त्र अभिव्यक्तिको विकास, कुनै पनि सन्देश अरूले राम्ररी वुझ्न सकुन

भन्ने लेखाइ, भन्न चाहेको कुराको स्पष्टरूपमा अभिव्यक्ति, आदर, सम्मान, अभिवादन गरी लेख्न सक्ने खुबी आदिको विकास हुन्छ ।

पत्ररचना लेख्य क्रियाकलाप भएकोले यसअर्न्तगत घरायसी चिठी , कार्यलयीय / व्यावसायिक चिठी, निवेदन, शुभकामना पत्र, निमन्त्रणा पत्र लेखनको अभ्यास गराउनु अपेक्षित छ । यस क्रममा पाठमा प्रस्तुत चिठी, निवेदन आदिको शिक्षण गर्दा तिनलाई नमुनका रूपमा उपयोग गरी तिनको ढंग ढाँचा र विभिन्न अङ्गको सोदाहरण परिचय समेत दिइ तदनुरूप सोहीअनुरूप अभ्यास गराउनु पर्छ । ( मा .शि. ने. पाठ्यक्रम, २०६४: १५)

यसप्रकार चिठी व्यवाहरिक र प्रयोजनपरक विधा भएकोले यसमा पनि कार्यकलापमुखी अभ्यासहरूको संयोजनमा जोड दिनु पर्दछ । व्यवहारिकरूपमा विधिन्न प्रकारका चिठी लेख्ने ढाँचा र तिनमा आफ्नो विचारको प्रस्तुतिलाई समेत उपयुाक्त किसिमले व्याक्त गर्न सक्ने तुल्याउनु चिठी शिक्षणको अभिष्ट हो भन्ने कुरालाई मनन गरी अभ्यासको संयोजन गर्नुपर्ने हुन्छ । कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट चिठी विधका पाठमा रहेका नमुना अभ्यासलाई निम्नानुसार हेर्न सकिन्छ।

क) चिठी विधाका पाठमा समाविष्ट नमुना अभ्यासको सीपगत वर्गीकरण

तालिका नं. ९

| क.स. | पाठ/सीप | सु.वो. | प. | ले. | बो. ले. | प.ले. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | व्यापारिक चिठी | १ | | १ | १ | २ | ५ |
| | जम्मा | १ | | १ | १ | २ | ५ |
| | प्रतिशत | २० | | २० | २० | ४० | |

तालिका नं. ९

ख) चिठी विधाका नमुना अभ्यासको तहगत वर्गीकरण

| क.स. | पाठ/सीप | ज्ञान | बेध | व्य.सी | उ.द. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | व्यापारिक चिठी | | १ | ४ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | | १ | ४ | | ५ |
| | प्रतिशत | | २० | ८० | | |

शब्दार्थ सङ्ख्या - ४(०.७९ प्रतिशत)

तालिका नं. ९ (क) अनुसार यस विधाअर्न्तगत सुनाइ र बोलाइ सीपसम्बद्ध १(२० प्रतिशत), लेखाइ सीपअर्न्तगत १(२० प्रतिशत), बोलाइ सीपअर्न्तगत १(२० प्रतिशत), बोलाइ र लेखाइ सीपसम्बद्ध १(२० प्रतिशत) र पढाइ लेखाइ सीपअन्तर्गत २(४० प्रतिशत) अभ्यास समाविष्ट देखिन्छन् । चिठी व्यावहारिक विधा भएकाले लेखाइ सीपसम्बद्ध अभ्यास बढी गराउनु चिठी शिक्षणको उद्देश्य अनुरूप ठहर्छ ।

तालिका नं. ९ (ख) अनुसार बोध तहमा १ (२० प्रतिशत), र व्यावहारिक सीपसम्बद्ध ४( ८० प्रतिशत) अभ्यासहरू समाविष्ट देखिन्छन् । चिठी व्यावहारिक विषय भएकाले यस विधामा व्यावहारिक सीपलाई बढी जोड दिनु उचित देखिन्छ ।

शब्दार्थको नियन्त्रण गरी एक पाठमा जम्मा ४ ( ०.७९ प्रतिशत) शब्द दिइनु सरलतम् अभिव्यक्तिको नमुना मान्न सकिन्छ । चिठीमा प्रयोग गरिने भाषा सरल, सुबोध्य र सहज प्रकृतिको हुनुपर्ने कुरा शब्दभण्डारको नियन्त्रणबाट पनि थाहा हुन्छ ।

## ४.३ सिर्जनात्मक अभ्यासको अध्ययन, वर्गीकरण र विश्लेषण

भाषा सिर्जनशील विषय हो । मौलिक सिर्जनाको अभिव्यक्तिबाट भाषा सिकाइमा विकास हुन्छ । विधार्थीमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गरी सिर्जनात्मक क्षमताको विकास गर्न सिर्जनात्मक अभ्यासहरू महत्त्वपूर्ण हुन्छन् । समग्रमा सिर्जनात्मक अभ्यासले विधार्थीमा भाषिक सीपको विकास गर्न उल्लेखनिय भूमिका निर्वाह गर्दछ । यसप्रकारका अभ्यासले बालबालिकामा सिकाइप्रति रुचि बढाउनुका साथै बौद्धिक क्षमताको विकास गर्न पनि मद्दत गर्दछ । त्यसदेखि बाहेक विधाअनुरूपका थप कार्यकलाप गरी उद्देश्यपूर्ण गराउनु पनि

लाभदायक हुन्छ । पाठ्यक्रमले निर्धारण गरेका आफ्ना रुचिअनुसारका विषयमा सिलसिला मिलाएर निबन्ध लेख्ने, आफूले देखे सुनेका र पढेका बस्तु वातावरण तथा घटनाका विषयमा लिखित वर्णन गर्न सक्ने आदि उद्देश्यहरू पूरा गर्न पनि सिर्जनात्मक अभ्यासले निकै मद्दत पुऱ्याउँछ । अतः विधार्थीलाई उनिहरूका रुचि र स्तरसापेक्ष रचना सिर्जना गर्न प्रेरित गर्नु निकै राम्रो कुरा हो । सिर्जनात्मक अभ्यास समावेश गर्दा विधा एवम् पाठको विशेषतालाई ख्याल नगरी सिर्जनात्मक अभ्यास समावेश गरियो भने विधार्थीहरूमा पाठ्यक्रमको उद्देश्यबाट विमुख पनि हुन सक्छन् । कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासलाई सीपगत आधारमा वर्गीकरण गरी निम्नानुसार देखाइएको छ :

तालिका नं. १०

| क्र.स. | पाठ/सीप | सु.वो. | प. | ले. | बो. ले. | प.ले. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | कथा | | | ३ | | | ३ |
| २ | कविता | | | १ | २ | | ३ |
| ३ | निवन्ध | | | ४ | | | ४ |
| ४ | जीवनी | | | ३ | १ | १ | ५ |
| ५ | रूपक | | | ६ | ५ | | ११ |
| ६ | चिठी | | | ३ | | १ | ४ |
| | जम्मा | | | २० | ८ | २ | ३० |
| | प्रतिशत | | | ६६.६६ | २६.६६ | ६.६६ | |

सिर्जनात्मक अभ्यास मध्ये जम्मा ३० वटा अभ्यासहरूमा लेखाइ सीपअर्न्तगत २० ( ६६.६६ प्रतिशत ) वोलाइ तथा देखाइ सीप अर्न्तगत ८ ( २६.६६ प्रतिशत ) र पढाइ तथा लेखाइ सीपसम्द्ध २ ( ६.६६ प्रतिशत अभ्यासहरू देखिन्छ । लेखाइ सीपअर्न्तगत विभिन्न विषयमा कविता लेख्ने, जीवनी लेख्ने आदि अभ्यासलाई समेटिएको छ ।

जस्तैः मातृभूमि शीर्षकमा झ्याउरे लयमा कविता लेखी शिक्षकलाई देखाउनुहोस् । (पृष्ठ -९९) ।

ख) निम्न लिखित मध्ये आफूलाई मनपर्ने शीर्षकमा निबन्ध लेख्नुहोसः

अ) नेपालका प्राकृतिक सम्पदा

आ) मलाई मनपर्ने साहित्यकार

(ग) विद्यार्थी जीवनमा अनुशासनको महत्त्व (पृष्ठ - २६)

तलका बुँदाका आधारमा कथा लेखि शिर्षक दिनुहोस्

गाउँमा एक जना मुखिया हुनु ...........मुखिया घमण्डी हुनु............गाउँका सुख दुःखमा सहभागी नहुनु ..........गाउँलेलाई आफ्ना सम्पूर्ण काममा बोलाएर दुःख दिनु ...........गाउँलेहरू रिसाउनु ........ मुखियालाई सहयोग नगर्ने निर्णय गर्नु ............मुखियाकी पत्नी विरामी पर्नु ..........गाउँलेहरूले अस्पताल लान सहयोग नगर्नु ................मुखियाले गाउँले संग माफी माग्नु (पृष्ठ - ६१)

बोलाइ र लेखाइ सीपअर्न्तगत ८ (२६.६६ प्रतिशत ) अभ्यास समावेश गरिएको छ । बोलाइ र लेखाइ सीपअर्न्तगत अभिव्यक्तिपरक सिर्जनात्मक अभ्यासलाई लिइएको छ ।

जस्तैः 'प्रश्नोत्तर' कविताको शैलीमा कुनै शिर्षकमा एउटा कविता लेखी शिक्षकलाई सुनाउनुहोस्  (पृष्ठ - ४ ) । क) नेल्सन मन्डेलाले लामो समयसम्म जेलमा वसेर वा निरन्तर रङ्गभेदी सरकार संग सङ्घर्ष गरेर दक्षिण अफ्रिकी  जनतालाई स्वाधिनताको अनुभूति गराएरै छाडे । यदि मन्डेलाको ठाउँमा तपाई हुनु भएको भए तपाईको भूमिका कस्तो रहन्थ्यो होला, यसबारेमा कक्षामा छलफल गरी आफ्ना विचारलाई कम्तीमा दशओटा बुँदामा समेट्नुहोस् ( पृष्ठ - १३९) ।

त्यसै गरी पढाइ र लेखाइ सीपको विकास गर्न सिर्जनात्मक अभ्यासमा २ ( ६.६६ प्रतिशत ) अभ्यास समेटिएको छ । यस अर्न्तगत अनुच्छेद पढी सङ्क्षेपीकरण गर्ने, पत्रहरू पढी त्यस अनुसारको पत्र तयार गर्ने आदि जस्ता अभ्यासहरू समावेश गरिएको छ ।

जस्तैः तलको अनुच्छेदको एकतृतियांशमा सङ्क्षेपीकरण गर्नुहोस (पृष्ठ -३३)

क) तलको पत्रहरू पढ्नुहोस र त्यसअनुसारको पत्र तपाई पनि तयार पार्नुहोस -

शुभकामना

नयाँ वर्ष २०६५ को उपलक्ष्यमा  शान्ति, उन्नति, प्रगति र सुस्वास्थ्यको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त  गर्दछौं ।

तोयानाथ सापकोटा

प्र.अ.

एवम

पृष्ठ - ७५

सिर्जनात्मक अभ्यासलाई पाठ्यसम्बद्ध गरिनुका साथै विधागत विशेषताको ख्याल गरी समावेश गरिएको छ । सिर्जनात्मक अभ्यासमा सुनाइ तथा पढाइ सीपसम्बद्द अभ्यास समावेश नगरेको देखिन्छ । लेखाइ सीपसम्बद्ध अभ्यासलाई बढी महत्त्व दिइएको पाइन्छ । यसप्रकारको अभ्यासले विद्यार्थीको प्रतिभा प्रस्फुटन गरी सिर्जनशिल क्षमताको विकास गर्ने सहयोग पुऱ्याउन सक्ने देखिन्छ । त्यस्तै पाठ्यक्रमले निर्धारण गरेका भाषिक सीपको विकास गराउनमा सिर्जनात्मक अभ्यासले ठूलो भूमिका खेल्ने देखिन्छ ।

# परिच्छेद-५

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

पाठ्यक्रम समग्र शिक्षा प्रणालीको मेरूदण्ड हो । पाठ्यक्रमकै आधारमा पाठ्यसामग्री, पाठ्यपुस्तकको निर्माण गरिन्छ । पाठ्यक्रमलाई समय - सापेक्ष परिमार्जित परिवर्तन गरिनु आवश्यक छ । यसै सन्दर्भमा नेपाली भाषापाठ्यक्रमलाई पनि परिमार्जन एवं परिवर्तन गरिंदै आएको छ । पाठ्यक्रमअनुरूप पाठ्यपुस्तक र पाठ्यपुस्तकमा समाविष्ट गरिने नमुना अभ्यासलाई पनि स्वभाविक रूपमा परिवर्तन गरिनु पर्दछ । यस अध्ययनले भाषिक सीप विकासका दृष्टिले कक्षा दशको नेपाली विषयका नमुना अभ्यासहरूको अध्ययन बाट प्राप्त निष्कर्ष प्रस्तुत गरिएको छ ।

"राष्ट्रिय परम्परा, संस्कृति, सामाजिक सम्पदा, लोकतान्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने, दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्नु माध्यमिक शिक्षा तहको उद्देश्य हो । यस तहको मुख्य उद्देश्य देशको सर्वाङ्गीण विकासका लागि क्षमताअनुरूप ठोस योगदान दिन सक्ने सीपयुक्त जनशक्ति उत्पादन गर्नु र विश्वविद्यालय शिक्षाका लागि आवश्यक ज्ञान, सीप प्रदान गरी सचेत नागरिक तयार पार्नु हो ।"(मा.शि.पाठ्यक्रम, २०६४) यसै क्रममा पाठ्यक्रमले नेपाली विषयका लागि तहगत रूपमा जम्मा सत्र वटा साधारण उद्देश्य निर्धारण गरेको छ । कक्षा दशको नेपाली विषयका लागि २४ वटा भाषिक सीपगत उद्देश्य निर्धारण गरेको छ । तीमध्ये सुनाइ र बोलाइ सीपका लागि आठ, पढाइ सीपका लागि छ र लेखाइ सीपका लागि दशवटा उद्देश्य निर्धारण गरेको छ ।

पाठ्यक्रमका उद्देश्य पूर्ति गर्न पाठ्यपुस्तकको महत्त्वपूर्ण भूमिका रहन्छ । विविध विधाका पाठ र सम्बद्ध नमुना अभ्यासका माध्यमबाट विद्यार्थिको उपलब्धिलाई पाठ्यक्रमको उद्देश्यअनुरूप विकास गर्न सकिने हुँदा नमुना अभ्यास र उद्देश्यबीच घनिष्ठ सम्बन्ध रहेको हुन्छ । भाषाका आधारभूत सीपहरूको विकास गर्न र दक्षता अभिबृद्धिका लागि नमुना अभ्यासको अहम् भूमिका रहन्छ । सुनाइ र बोलाइ सीप अन्तर्गतका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न सक्ने उद्देश्य नमुना अभ्यासमा समाविष्ट शुद्धसँग उच्चारण गर्ने अभ्यासबाट पूर्ति हुन सक्छ । त्यस्तै विभिन्न प्रकारका मौखिक अभिव्यक्तिहरू सुनेर तार्किक रूपमा आफ्नो विचार व्यक्त गर्ने जस्ता उद्देश्य

नमुना अभ्यासमा दिइएका बोध अभ्यासबाट पूर्ति हुनसक्ने देखिन्छ । यसअन्तर्गत मौखिक उत्तर दिने, विद्यार्थीबीच सामुहिक छलफल गरी निष्कर्ष निकाल्ने जस्ता अभ्यासलाई लिन सकिन्छ ।

पढाइ सीप अन्तर्गतका लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्नसक्ने उद्देश्य पूर्तिका लागि विभिन्न विधासम्बद्ध सस्वरवाचन गर्ने, लयबद्ध वाचन गर्ने, हाउभाउसहित सस्वरवाचन गर्ने जस्ता अभ्यास समाविष्ट देखिन्छन् । पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न सक्ने उद्देश्यका लागि शब्दको वाक्यमा प्रयोग, शब्दार्थ र शब्दभण्डार सम्बन्धि विभिन्न अभ्यासहरू समावेश गरिएको छ । त्यसैगरी लेखाइ सीपसम्बद्ध उद्देश्य हिज्जे र वाक्यगठन मिलाइ सफा र शुद्ध लेख्न सक्ने गराउनका लागि पाठ्पुस्तकमा समाविष्ट व्याकरण अभ्यासले सहयोग पुऱ्याउने देखिन्छ । त्यसैगरी श्रुतिलेखन, सारांश लेखन, निबन्ध लेखन आदि जस्ता अभ्यासले पाठ्यक्रमसम्बद्ध उद्देश्य पूर्ति हुने देखिन्छ । विभिन्न विषयमा सिलसिला मिलाएर लेख्न, रुचि अनुसारका विषयमा मौलिक रचना गर्न सक्ने जस्ता उद्देश्य पूर्ति गर्न पाठसम्बद्ध नमुना अभ्यास र सिर्जनात्मक अभ्यासले सहयोग पुऱ्याउने देखिन्छ । यसप्रकार भाषिक सीपविकासको दृष्टिले कक्षा दशको नेपाली विषयका नमुना अभ्यासहरू पाठ्यक्रमअनुरूप तय गर्ने प्रयास गरिएको छ । त्यति हुँदाहुँदै पनि तिनमा केहि कमजोरीहरू पनि भेटिन्छन् । अभ्यासमा शिक्षक तथा विद्यार्थीका लागि पर्याप्त निर्देशनको अभाव भएकोले कतिपय ठाउँमा अन्यौल हुन सक्ने देखिन्छ । समष्टिगत रूपमा हेर्दा नमुना अभ्यासहरू विद्यार्थीको औषत क्षमता भन्दा स्तरीय देखिन्छन् । समूहगत कार्यकलाप सम्बन्धि अभ्यासहरू पर्याप्त देखिंदैनन् । पाठ्यक्रमको उद्देश्य पूरा गर्न बढी भन्दा बढी क्रियाकलापमुखी अभ्यासहरूको संयोजनमा ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ । पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासले पर्याप्त मात्रामा बोलाइ सीपलाई महत्त्व दिन नसकेको देखिन्छ । नेपाली भाषा विषयको निर्णयात्मक मूल्याङ्कनमा सुनाइ र बोलाइ सीपको परीक्षा नलिने परिपाटी ले शिक्षण सिकाइमा समेत यस भाषिक सीपलाई उपेक्षा गरेको निष्कर्ष निकाल्न सकिन्छ । प्रस्तुत अध्ययनबाट प्राप्त तथ्यका आधारमा निष्कर्षलाइ निम्नानुसार बुँदाबद्ध गर्न सकिन्छ :

### ५.१.१ सबल पक्ष

१. माध्यमिक तह (कक्षा १०) को नेपाली विषयको पाठ्यक्रम २०६४ अनुरूप नेपाली किताब (२०६४) तयार पारिएको छ । यसमा पाठ्यक्रमले निर्धारण गरेका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विकाससँग सम्बन्धित अभ्यासहरू समावेश गरिएको छ ।

२. प्रस्तुत पाठ्यपुस्तकमा नमुना अभ्यासहरू विधाअनुरूप नै समायोजन गरिएको देखिन्छ ।

३. भाषिक सीपको विकास गर्न नमुना अभ्यास विद्यार्थीको रुचि र उत्साह जगाउने किसिमले समायोजन गरिएको छ ।

४. उद्देश्यका विभिन्न तह (ज्ञान, बोध, व्यवहारिक सीप र उच्च दक्षता) लाई समेट्ने गरी नमुना अभ्यासको समायोजन गर्ने प्रयास गरिएको देखिन्छ ।

५. विषयबस्तुको सैद्धान्तिक भन्दा व्यवहारिक सीप अभिबृद्धि गर्ने तर्फ नमुना अभ्यास लक्षित देखिन्छ ।

६. व्याकरण सम्बद्ध अभ्यासहरूलाई नमुना अभ्यासमा प्रशस्त मात्रामा समावेश गरी लेखाइ सीपको विकास गराउनमा कक्षा दशको नमुना अभ्यास सफल देखिन्छ ।

७. सिर्जनात्मक अभ्यासको संयोजन गर्दा विधा एवम् पाठको मर्मलाई ख्याल गरिएको छ । त्यसका साथै अभिव्यक्तिपरक तथा व्यावहारिक सीप र उच्च दक्षताको विकाससँग सम्बन्धित सिर्जनात्मक अभ्यासले प्राथमिकता पाएको देखिन्छ ।

८. भाषा स्वतन्त्र अभिव्यक्तिबाट सिकिने विषय भएकोले नमुना अभ्यास स्वतन्त्र अभिव्यक्तिको संबर्द्धन गर्नै गरी समायोजन गरिएको छ ।

९. पाठ्यक्रमले सबै भाषी विद्यार्थीहरूमा सीप अभिबृद्धि गर्ने लक्ष्य लिएको छ । पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूले कसैलाई विभेद नगरी समान सीप विकासमा टेवा पुऱ्याउने तर्फ ध्यान दिइएको छ ।

१०. अभ्यासहरू सरल देखि जटिलताको क्रममा प्रस्तुत गरिएको छ ।

११. समग्रमा नमुना अभ्यास भाषिक सीप विकासमा सहयोग पुऱ्याउने गरी स्तरीय रूपमा समायोजन गर्ने प्रयास गरिएको देखिन्छ ।

### ५.१.२ दुर्वल पक्षहरू

१. पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासमा सबै प्रकारका भाषिक सीपलाई समेटिएको भए पनि बोलाइ सीपका लागि पर्याप्त अभ्यासहरू समावेश नगरिएको देखियो ।

२. अभ्यासमा पर्याप्त निर्देशनको अभावले कतिपय ठाउँमा शिक्षक-विद्यार्थी अल्मलिन सक्ने देखिन्छ ।

३. कतिपय लेखाइ सीप सम्बद्ध अभ्यासहरू विद्यार्थीहरूको स्तरभन्दा जटिल भएकोले न्युन क्षमताका विद्यार्थीलाई समेट्न नसकिने देखिन्छ ।

४. पाठका नमुना अभ्यासमा बस्तुगत प्रश्नमा पटक्कै ध्यान नदिएको देखिन्छ । (जोडा मिलाउने, ठीक उत्तरमा चिन्ह लगाउने, खाली ठाउँ भर्ने)

५. रूपक बिधामा पढाइ र बोलाइ सीपको समग्र विकासमा ध्यान पुऱ्याउनु पर्नेमा त्यसको कमी पाइयो ।

६. कविता विधालाई प्रभावकारी र रोचक बनाउन नमुना अभ्यासमा कविता प्रतियोगिता, कवि सम्मेलन जस्ता क्रियाकलाप गर्ने निर्देशन हुनुपर्नेमा त्यसको कमी पाइयो ।

७. जीवनी विधामा घटनाक्रमको सिलसिलाबद्ध प्रस्तुतिले बोलाइ र लेखाइ सीपको विकास गराउने हुँदा त्यस किसिमको अभ्यासको अभाव देखिन्छ ।

८. अभ्यासले विमातृभाषी, जनजाती, पिछडिएका बर्ग, अपाङ्ग र अशक्तलाई थप अभ्यासको अवसर प्रदान गर्न सकेको देखिँदैन । यसबाट यी वर्गका विद्यार्थीहरूको शैक्षिक उपलब्धि कम हुने देखिन्छ ।

९. पाठ्यपुस्तकका अभ्यासमा सिर्जनात्मकताको अभाव रहेको देखिन्छ ।

१०. पाठ्यक्रमले पढाइ र लेखाइ सीपको मात्र निर्णयात्मक मूल्याङ्कन गर्ने उद्देश्य राखेकोले सवै सीप नजानेका विद्यार्थीहरू पनि कण्ठ गर्ने गरेर पास हुने सम्भावना देखिन्छ । यसले सुनाइ र बोलाइ सीपलाई उपक्षा गरेको देखिन्छ ।

**५.२ सुझावहरू** :

पाठ्यक्रमअनुरूपका उपयुक्त नमुना अभ्यासहरूको संयोजन गरी भाषिक सीप विकासमा प्रभावकारी रूपले पाठ्यपुस्तकलाई उपयोगी र प्रभावकारी बनाउन निम्नलिखित सुझावहरू पेश गर्न सकिन्छ :-

१. पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासलाई क्रियाकलापमुखी र भाषिक सीप विकासमा केन्द्रित गराउनुपर्दछ ।

२. अभ्यासमा स्पष्ट निर्देशन हुनुपर्दछ ।

३. पढाइ तथा मौखिक अभिव्यक्ति कला विकास गर्ने अभ्यासको थप व्यवस्था गर्नुपर्दछ ।

४. रूपक विधामा मौखिक अभिव्यक्ति गर्ने अभ्यासहरू थप गर्नुपर्दछ ।

५ं समूहकार्य गर्ने खालका अभ्यासहरू समावेश गर्नुपर्छ ।

६. अपाङ्गहरू र अशक्तहरूका लागि उपयोगी अभ्यासहरूको व्यवस्था गर्नुपर्दछ ।

७. नमुना अभ्यासको संयोजन गर्दा सबै स्तरका बिद्यार्थीहरूको बौद्धिकस्तर ख्याल गरी संयोजन गर्नुपर्ने हुन्छ ।

८. शिक्षण एउटा कला भएकोले प्रभावकारी शिक्षणबाट विद्यार्थीहरूको भाषिक सीपमा विकास हुन्छ अतः दक्ष तथा तालिमप्राप्त शिक्षकको व्यवस्था गर्नुपर्दछ ।

९. विमातृभाषी, जनजाति, पिछडिएका वर्ग, अपाङ्ग र अशक्तका लागि थप अभ्यासको व्यवस्था मिलाउनुपर्छ । साथै उनीहरूको लागि उपयुक्त सिकाइको वातावरण निर्माण गर्नुपर्छ ।

१०. कविता विधालाई रुचिपूर्ण बनाउन कविता प्रतियोगिता, कवि सम्मेलन गर्ने निर्देशनका अभ्यासलाई समेट्नुपर्छ ।

११. अभ्यासमा वैयक्तिक रुचि क्षेत्रलाई समेट्न सक्ने अभ्यासको संयोजन गर्नुपर्ने देखिन्छ ।

१२. भाषिक सीप विकासमा केन्द्रीकृत रहेर अभ्यासको संयोजन गर्नुपर्ने देखिन्छ ।

१३. मूल्याङ्कन प्रणालीमा चार वटा सीपलाई पाठ्यक्रमको उद्देश्यअनुरूप समान महत्त्व दिई मूल्याङ्कन गर्नु पर्ने देखिन्छ ।

१४. निर्णयात्मक मूल्याङ्कनमा पनि सुनाइ र बोलाइ सीपलाई समेट्नुपर्ने देखिन्छ ।

## ५.३ शैक्षणिक प्रयोजन

प्रस्तुत शोधअध्ययन मुख्य रूपमा भाषा शिक्षणसँग सम्बन्धित छ । यसै परिप्रेक्षमा नेपाली भाषा शिक्षण गर्दा के-कस्ता भाषिक सीप कस्ता-कस्ता अभ्यासबाट हासिल गर्न सकिन्छ भन्ने कुरा यसबाट थाहा पाउन सकिन्छ । पाठ्यक्रमले निर्दिष्ट गरेका भाषिक सीप विकाससँग सम्बद्ध उद्देश्यहरू पूरा गर्न अभ्यासहरू असमर्थ रहे थप अभ्यास र क्रियाकलाप थप गर्न मद्दत मिल्छ । विद्यार्थीको परीक्षामुखी प्रवृत्तिलाई कार्यकलापमुखी गराउन सहयोग गर्छ । भाषाशिक्षणलाई समावेशीकरण गरी शैक्षिक क्षति न्यूनिकरण गर्न मद्दत गर्दछ । समग्रमा प्रस्तुत शोधका शैक्षिक प्रयोजनलाई निम्नानुसार उल्लेख गरिन्छ :-

१. भाषापाठ्यक्रम र पाठ्यपुस्तकको स्पष्ट अवधारणाका साथ भाषाशिक्षण गर्न सचेत गराउनु,
२. पाठ्यवस्तुको छनौट गरी भाषिक सीपगत र तहगत अभ्यास गर्न/गराउन सहयोग गर्नु,
३. कक्षाशिक्षणलाई कियायाकलापमुखी बनाउन सहयोग गर्नु,
४. पाठ्यपुस्तकका अभ्यास मात्र पर्याप्त नहुने हुनाले थप अभ्यास र कियाकलाप गर्न गराउन प्रेरित गर्नु,
५. पाठ्यकमको उद्देश्यअनुरूप पर्याप्त नमुना अभ्यासहरूको संयोजन गरी पाठ्यपुस्तक सुधार गर्न मद्दत गर्नु ।

## ५.३ अध्ययनका कमी कमजरीहरू

प्रस्तुत शोधलाई तथ्यपरक बनाउन हरसम्भव प्रयास गरिएको छ । शोध र अध्ययनको कममा पाठ्यकम र पाठ्यपुस्तकबाट तथ्याङ्क सङ्कलन गरी तिनको तालिकीकरण गरी वर्गीकरण गरिएको छ । विभिन्न स्रोत, सन्दर्भ, विज्ञ र शोध निर्देशकबाट सल्लाह र सहयोग समेत लिइएको छ । हरसम्भव प्रयास गर्दा पनि कतिपय कमिकमजोरी रहने हुँदा प्रस्तुत शोधमा निम्नलिखित कमजोरी रहेका छन् :

१. प्रस्तुत शोधमा भाषिक सीप विकासका दृष्टिले कक्षा दशको नमुना अभ्यासको समग्रतामा हेर्ने प्रयास गरिएको छ ।

२. पाठ्यक्रमका उद्देश्य र नमुना अभ्यासलाई सीपगत र तहगत रूपमा हेर्ने प्रयास गरिएको छ । एउटै सीपका विभिन्न तहगत स्वरूपलाई प्रस्तुत गर्न सकिएको छैन ।

३. व्याकरणका अभ्यासलाई समावेश गर्न सकिएको छैन ।

४.प्रस्तुत शोधमा सीपगत स्वरूपमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ अनि तहगत रूपमा ज्ञान, बोध, व्यवहारिक सीप र उच्च दक्षतामा मात्रै वर्गीकरण गरिएको छ ।

५. वर्गीकरणको आधार अभ्यासमा दिइएको निर्देशनलाई मानिएको छ । प्रत्येक प्रश्नभित्र पसेर वर्गीकरण गर्न सकिएको छैन ।

## ५.५ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू

१. भाषिक सीप विकासका दृष्टिले कक्षा दशको नेपाली विषयका व्याकरण अभ्यासहरूको अध्ययन ।

२. पाठ्यक्रमअनुरूपताका दृष्टिले कक्षा दशको नेपाली विषयका अभ्यासको अध्ययन ।

३. कक्षा दशको नेपाली भाषाशिक्षण गर्दा आउने समस्या एक अध्ययन ।

४. छनोट र स्तरणको दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज (२०५३, ते.सं.), **नेपाली भाषाशिक्षण**, काठमाण्डौं : कुञ्जल प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०५९, चौ.सं.), **भाषाशिक्षण : केही परिप्रेक्ष तथा पद्धति**, काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०५५, दो.सं.), **समसामयिक नेपाली व्याकरण**, काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०५९), **सामाजिक र प्रयोगिक भाषा विज्ञान,** काठमाडौँः रत्नपुस्क भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०६१, चौ.सं.), **प्रारम्भिक नेपाली शिक्षण**, काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, पार्वती (२०५९), अप्रकाशित स्नातकोत्तर शोध, **कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन,** त्रि.वि. शिक्षाशास्त्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

आचार्य, सरस्वती (२०५९), अप्रकाशित स्नातकोत्तर शोध, **नि.मा.वि. तह (कक्षा ८) मा प्रयुक्त व्याकरण अभ्यास खण्डको विश्लेषणात्मक अध्ययन,** त्रि.वि. शिक्षाशास्त्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

घिमिरे, कृष्णप्रसाद (२०५५), अप्रकाशित स्नातकोत्तर शोध, **निम्न माध्यमिक तहका नेपाली भाष पाठ्पुस्तकमा प्रयुक्त व्याकरणका नमुना अभ्यासको अध्ययन,** त्रि.वि. शिक्षाशास्त्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

ढकाल, राजेश्वर (२०५८), अप्रकाशित स्नातकोत्तर शोध,**कक्षा ६ को नेपाली किताबमा प्रयुक्त व्याकरण नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन,** त्रि.वि. शिक्षाशास्त्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७), **परिचयात्मक नेपाली भाषा शिक्षण**, काठमाण्डौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५६), **भाषापाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति**, काठमाण्डौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

दाहाल, मोहनकुमार (२०५५), अप्रकाशित शोध, **निम्न माध्यमिक तहका वर्तमान पाठ्यपुस्तक ( ६,७,८) मा प्रयुक्त नमुना अभ्यास एक विश्लेषणात्मक अध्ययन,** त्रि.वि. शिक्षाशास्त्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

न्यौपाने, हिमलाल (२०५७), अप्रकाशित स्नातकोत्तर शोध, **कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण अभ्यासको अध्ययन**, त्रि.वि. शिक्षाशास्त्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), **प्राथमिक शिक्षा पाठ्यक्रम**, सानोठिमी भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), **नि. मा. शिक्षा पाठ्यक्रम**, सानोठिमी भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), **माध्यमिक शिक्षा पाठ्यक्रम**, सानोठिमी भक्तपुर ।

पाण्डे, शेषकान्त (२०६२), अप्रकाशित स्नातकोत्तर शोध, **कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताको अध्ययन,** त्रि.वि. शिक्षाशास्त्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

पाण्डे, गोमा (२०६३), अप्रकाशित स्नातकोत्तर शोध, **कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताको अध्ययन,** त्रि.वि. शिक्षाशास्त्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

भण्डारी, प्रा. डा. पारषमणि, तुलसीराम घिमिरे र शक्तिराज नेपाल, (२०६८), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम**, काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

# पत्रपत्रिकाहरू


अधिकारी, हेमाङ्गराज (२०४४), शिक्षालाई जिवनोपयोगी बनाउने कारकतत्वहरू: शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) ।

अधिकारी, हेमाङ्गराज (२०५९), विद्यालय तहमा नेपाली पाठ्यपुस्तकहरूमा विद्यमान स्थिति : विद्यार्थीहरूको भाषागत आवश्यकताका परिप्रेक्ष, शिक्षा, (पृ.५-१०)

पौडेल, राजेन्द्रप्रसाद (२०६१), पाठ्यपुस्तकको पठनीयता र प्रयोगलाई प्रभाव पार्ने तत्त्वहरू परीक्षण गर्दा अपनाउनुपर्ने चरणहरू, सम्प्रेषण (वर्ष-१, अङ्क-१) पृ. ४७-५०

शर्मा, केदारप्रसाद (२०६१), प्राथमिक तहका अन्य भाषी विद्यार्थीहरूका लागि नेपाली पाठ्यपुस्तक निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू, सम्प्रेषण (बर्ष-१,अङ्क-१) पृ. ३०–३२ ।